# आर्थिक वर्ष २०८०/८१ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

२०८०, माघ

# आर्थिक वर्ष २०८०/८१ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर
२०८०, माघ

मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर,
नेपाल

## मन्तव्य

कोशी प्रदेश सरकारको चालु आ.ब. २०८०/८१ को पहिलो ६ महिनासम्मको बजेट कार्यान्वयनको अवस्था, सो क्रममा देखापरेका समस्या, प्राप्त उपलब्धि तथा अनुभव, बाँकी अवधिमा गर्नुपर्ने कार्य र प्रदेशको समग्र वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्र समेत समावेश गरी यो अर्धबार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

पूर्ववर्ति सरकारले अध्यादेश मार्फत घोषणा गरेको आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रस्ताव गरिएका राजस्व र व्यय अनुमानको विवरणमा सामान्य परिमार्जन सहित जारी भएको प्रतिस्थापन बजेट मंसीर महिनादेखि मात्र पूर्ण रुपमा कार्यान्वयनमा आएको भए तापनि, अर्धवार्षिक अवधिमा अन्य प्रदेशको तुलनामा कोशी प्रदेशको खर्चको प्रतिशत बढी रहेको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा आन्तरिक राजश्व तथा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँडको रकम लक्ष्य बमोजिम प्राप्त हुन नसकेको अवस्थामा स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। सम्भावित राजस्वका क्षेत्रहरुको पहिचान गर्न आवश्यक कानूनी सुधार गरी जिम्मेवार निकायहरुबीच प्रभावकारी समन्वय कायम गर्दै राजस्व चुहावट नियन्त्रण र पारदर्शिता कायम गर्न जोड दिइनेछ।

आयोजना छनौट कार्यलाई व्यवस्थित बनाउन आयोजना बैंकको कार्यान्वयनलाई तीव्रता दिइएको छ। पूर्व तयारी नभएका, आर्थिक तथा प्राविधिक दृष्टिकोणले सम्भाव्य नदेखिएका प्रस्तावित आयोजनाहरुको पुनः प्राथमिकिकरण गर्नुपर्ने भएको छ। बहुवर्षीय तथा प्रदेश गौरवको आयोजना सञ्चालन सम्बन्धी निश्चित आधार तथा मापदण्ड बनाई सो अनुसार कार्यान्वयन गर्ने तयारी भईरहेको छ। वित्त व्यवस्थापनलाई प्रभावकारी र अनुमानयोग्य बनाउनु पर्ने एवं साधन स्रोतको अधिकतम उपयोग गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै उच्च दरको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य यस सरकारले लिएको छ। प्रशासनिक खर्चमा न्यूनीकरण गर्दै पुँजीगत खर्च परिचालनमा विशेष जोड दिइने छ। बेरुजु फर्स्यौट तथा न्यूनीकरण गर्दै आर्थिक अनुशासन कायम गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली र सार्वजनिक खर्च सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धिमूलक बनाईनेछ।

प्रस्तुत प्रतिवेदनको लागि तथ्याङ्क उपलब्ध गराउनु हुने सबै सरोकारवाला निकायहरु र प्रतिवेदन तयारी गर्ने यस मन्त्रालयका सबै कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु।

२९ माघ, २०८०

केदार कार्की
मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री

# विषय सूची


कार्यकारी सारांश ........ १
परिच्छेद – एक : प्रदेशको आर्थिक तथा वित्तीय स्थिति ........ ३
परिच्छेद - दुई : बजेट खर्च र स्रोत परिचालनको विश्लेषण ........ ४
२.१ समष्टिगत खर्च स्थितिको विश्लेषण ........ ४
२.१.१ मन्त्रालयगत खर्च स्थिति ........ ५
२.१.२ स्रोतगत खर्च विश्लेषण ........ ६
२.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति ........ ७
२.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था ........ ७
२.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण ........ ८
२.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु ........ ९
२.२.५ राजस्व संकलनमा देखा परेका चुनौती ........ ९
परिच्छेद – तीन : स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति ........ ९
३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण ........ ९
३.२ सवारी साधन कर बाँडफाँट ........ १०
परिच्छेद – चार : बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण ........ ११
परिच्छेद – पाँच : समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान ........ ११
५.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान ........ ११
५.२ आयको संशोधित अनुमानका आधारहरु ........ १२
५.३ खर्चको संशोधित अनुमान ........ १२
५.४ खर्चको संशोधित अनुमानको आधार ........ १२
५.५ खर्चको प्राथमिकीकरण ........ १२
५.५.१ चालु खर्च ........ १२
५.५.२ पूँजीगत खर्च ........ १३
परिच्छेद – छ : बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास ........ १३
६.१ आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ........ १३
६.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति ........ १४
६.३ समीक्षा अवधिमा गरिएका प्रयास ........ १४
६.४ प्रथम त्रैमासिक अवधिको राजस्व र खर्च ........ १५
६.५ आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन ........ १५
६.६ अन्य कार्यहरु ........ १५
परिच्छेद – सात : क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण ........ १५
७.१ आर्थिक र वित्तीय क्षेत्र ........ १६
७.१.१ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ १६
७.१.२ उद्योग, कृषि तथा सहकारी मन्त्रालय ........ १६
७.१.३ पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ २१
७.२ भौतिक पूर्वाधार ........ २२
७.२.१ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ २२

७.२.२ खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय ........ २३
७.३ सामाजिक विकास ........ २३
७.३.१ सामाजिक विकास मन्त्रालय ........ २३
७.३.२ स्वास्थ्य मन्त्रालय ........ २४
७.५ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन ........ २५
७.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २५
७.५.२ कोशी प्रदेश सभा सचिवालय ........ २६
७.५.३ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ २७
७.५.४ प्रदेश लोक सेवा आयोग ........ २७
७.५.५ प्रदेश योजना आयोग ........ २७
७.५.६ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ २८
**परिच्छेद- आठ : बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु ........ २८**
**परिच्छेद – नौ : बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य ........ २९**
९.१ बजेट तर्जुमा तथा कार्यान्वयन ........ २९
९.२ स्रोत व्यवस्थापन ........ ३०
९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना ........ ३०
९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउनः ........ ३१
९.५ सूचना प्रविधिको उपयोग, विकास ........ ३२
**परिच्छेद – दश : निष्कर्ष तथा सुझाव ........ ३३**
**अनुसूची -१ : २०८० पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण ........ ३५**
**अनुसूची -२ : सात प्रदेशको अर्धवार्षिक अवधिको खर्चको अवस्था ........ ३६**

# कार्यकारी सारांश

### बजेट खर्च र स्रोत परिचालनको स्थिति

कोशी प्रदेशको चालु आर्थिक वर्ष २०८०/८१ को कुल विनियोजित बजेट रु.३६ अर्ब ७४ करोड ३५ लाख १० हजार रहेको छ। चालु आ.व.को पहिलो अर्धवार्षिक अवधिमा कुल विनियोजनको २०.८७ प्रतिशत अर्थात् रु.७ अर्ब ६६ करोड ७९ लाख ६६ हजार खर्च भएको छ । गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा यस्तो खर्च २४.९ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको अर्ध वार्षिक अवधिमा चालु, पुँजिगत र स्थानीय तह अनुदान तर्फ क्रमशः३०.६१, १३.४ र २८.७५ प्रतिशत खर्च भएको छ। अध्यादेश मार्फत जारी भएको बजेट प्रतिस्थापन गरी मंसिर १५ मा प्रदेश विनियोजन विधेयक पारित भएकोले बजेटको पूर्ण कार्यान्वयन त्यस महिनापछि मात्र सुरु भएकोले गत आ.व.को तुलनामा चालु आ.व.को अर्धवार्षिक प्रगति कम भएको हो । चालु आ.व.को पौषमसान्तसम्ममा अधिकांश आयोजना/कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाइसकिएको छ । संघबाट हस्तान्तरित सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान स्रोतको उपयोग क्रमशः १३.९५, ३३.५८ र २०.५६ प्रतिशत रहेको छ । पहिलो अर्धवार्षिक अवधिमा सातवटा प्रदेशमध्ये खर्च प्रतिशतको तुलनामा कोशी प्रदेशको खर्च सवै भन्दा बढी रहेको छ, भने खर्च रकमको हिसाबमा कोशी प्रदेश दोस्रोमा रहेको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो अर्धवार्षिक अवधिमा प्रदेशको स्रोत परिचालनतर्फ जम्मा रु.१७ अर्ब ६२ करोड ८६ लाख प्राप्ति भएको छ । संघीय राजस्व बाँडफाट र प्रदेश सञ्चित कोषको नगद मौज्दात तर्फ गतवर्षको भन्दा केही वृद्धि भएको, संघबाट वित्तीय समानीकरण अनुदानको ५० प्रतिशत र सशर्त अनुदानको ५६.८ प्रतिशत अनुदान प्राप्त भईसकेको हुँदा गत आ.व.को अर्धवार्षिक अवधिको तुलनामा चालु आ.व.मा आय तर्फ ३५.७ प्रतिशतले वृद्धि भएको छ । प्रदेशको आन्तरिक आयतर्फ समिक्षा अवधिमा रु.१ अर्ब ५६ करोड ९२ लाख अर्थात वार्षिक लक्ष्यको तुलनामा ३४.३ प्रतिशत प्राप्ति भएको छ। प्रदेशको आन्तरिक आयतर्फ गत वर्षको अर्धवार्षिक अवधिको तुलनामा कमी देखिएको भएतापनि घरजग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन कर संकलनमा गत वर्षको तुलनामा केही वृद्धि भएको छ ।

### स्थानीय तहमा वित्तीय हस्तान्तरणको स्थिति

प्रदेश भित्रका स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त र समपुरक अनुदानको पहिलो/दोस्रो किस्ता वापत समिक्षा अवधिमा रु.१ अर्ब ५ करोड ४४ लाख रकम सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला हुने गरी निकासा गरिएको छ। यस्तै गरी पौष मसान्तसम्म संकलन भएको सवारी साधन कर बाँडफाँट गरी जम्मा रु.३८ करोड ५२ लाख ६६ हजार रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको छ ।

### क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

विषयगत मन्त्रालयहरुको वार्षिक बजेट कार्यान्वयन कार्ययोजना बमोजिम गर्नुपर्ने कार्यहरु, अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमहरुको नियमित सञ्चालनमा रहेका छन् । प्रथम आवधिक योजनाको समीक्षा गरी दोस्रो आवधिक योजनाको आधारपत्र तयार गर्ने कार्य प्रारम्भ गरिएको छ। आयोजना बैंक सञ्चालन ल्याइएको छ भने अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन दिग्दर्शन तर्जुमा गरिएको छ ।

प्रदेशका १० वर्ष मुनिका बालबालिकाहरुको निःशुल्क विशेषज्ञ चिकित्सकीय सेवा प्रदान गर्न अस्पतालहरुसँग सम्झौता गरी कार्यान्वयनमा रहेको छ। साविकको संक्रामक रोग तथा सघन उपचार केन्द्र, बिराटनगरलाई शैलजा आचार्य हृदयरोग केन्द्रका रुपमा विकास गरी सेवा सञ्चालन गरिएको छ। प्रदेशस्तरीय जलन उपचार केन्द्र सञ्चालनको कार्य अघि बढाइएको छ । बाली बिरुवामा लागेका रोग परिक्षण तथा उपचार भईरहेको र पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि खोप लगाउने कार्य भईरहेको छ ।

बाढीले क्षतिग्रस्त झुलुंगे पुल लगायतका संरचनाको निर्माण कार्य भईरहेको छ । विभिन्न ३ वटा स्थानमा विद्युतीय चार्जिङ्ग स्टेशन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । मानव-हात्ती द्वन्द्व न्युनीकरण गर्न फिल्ड स्तरमा कार्य सञ्चालन भईरहेको छ । लैङ्गिक अभियान तथा स्वरोजगारमुलक कार्यक्रम, एकल महिला उधमशिलता, विपन्न, दलित, जनजाती र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम सञ्चालनमा रहेको छ ।
सवारी लाइसेन्स, सडक सुरक्षा, विपद् व्यवस्थापन, लागूऔषध नियन्त्रणका क्षेत्रमा पनि विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेको छ । संघ सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानमा सञ्चालित आयोजना वा कार्यक्रमहरुको कार्यन्वयनलाई उच्च प्राथमिकतामा राखी ती अनुदानको खर्च बृद्धि गर्नुपर्ने भएको छ ।

## स्रोत तथा खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको बजेटको खर्च व्यहोर्ने स्रोत तर्फ राजस्व तथा अनुदान प्राप्तिको वार्षिक लक्ष्यको तुलनामा पौष मसान्तसम्मको प्राप्ति र गतआर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत विश्लेषण गरी आयतर्फ रु.३३ अर्ब १८ करोड ५ लाख अर्थात् वार्षिक बजेटको ९०.३ प्रतिशत प्राप्ति हुने संशोधित अनुमान गरिएको छ । सोही अनुसार खर्च तर्फ पनि संशोधित अनुमान गरिएको छ । चालु खर्च ८७.१७ प्रतिशत, पूँजीगत खर्च ९०.५ प्रतिशत, वित्तीय व्यवस्था र स्थानीय तह अनुदान तर्फ १०० प्रतिशत खर्च हुने संशोधित अनुमान रहेको छ ।

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

बजेट कार्यान्वयन कार्ययोजना अनुसार कार्यसम्पादन सम्झौता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्ने प्रयास गरिएको छ। बजेट कार्यान्वयन मार्गदर्शन एवम् परिपत्र गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन, प्रशासनिक खर्चलाई मितव्ययीता कायम गर्न पहल गरिएको छ। प्रदेश सरकार अन्तर्गतका सबै निकायहरुमा सरकारी लेखा प्रणाली (CGAS), सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा ल्याइएको छ । आयोजना बैंक व्यवस्थापन प्रणाली (PPBMS) को प्रयोग गर्न तालिम प्रदान गर्नुको साथै प्रणाली प्रयोगकर्ताको आइडि/पासवर्ड प्रदेश योजना आयोगबाट सबै मन्त्रालय/निकायलाई उपलब्ध गराइएको छ ।
प्रदेशको आन्तरिक राजस्व अभिवृद्धि गर्न प्रदेश आर्थिक ऐन, २०८० ले दिएका कर छुटका प्रावधानहरुको प्रचारप्रसार गरिएको छ । प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ लाई प्रतिस्थापन गर्ने गरी कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक तर्जुमाको अवधारणापत्रमा सैद्धान्तिक सहमति प्राप्त भई विधेयक मस्यौदाको चरणमा रहेको छ । आयकर ऐन, २०५८ बमोजिम संकलन गरिने **कृषि आयकर** प्रदेश सञ्चित कोषमा दाखिला गरिदिने व्यवस्थाको लागि अनुरोध गरी नेपाल सरकार, अर्थ मन्त्रालय र अन्य सम्बन्धित निकायमा पत्र पठाइएको छ । उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन निर्देशिका, २०८० मिति २०८०।०८।२९ गते जारी गरी प्रदेशमा रहेका उद्योग तथा व्यापार दर्ता, नविकरण लगायतका दैनिक सेवाहरुलाई अनलाईन सफ्टवेयर मार्फत सेवा दिन थालिएको छ ।

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभावकारी बनाउने, आवश्यकता, औचित्य, क्षेत्रीय र भौतिक सन्तुलन, प्राथमिकीकरणको आधारमा आयोजना छनौट कार्य तथा आयोजना बैक व्यवस्थापन प्रणालीको कार्यान्वयन गर्नुपर्ने, स्रोत सुनिश्चितता गरिएका बहुवर्षिय आयोजनाहरुलाई भुक्तानीमा स्रोत व्यवस्थापन गर्नुपर्ने, सरकारी सेवाको लागत विश्लेषण र खर्च प्रवाहको मापदण्ड बनाई लागू गर्नुपर्ने आदि तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यहरु रहेका छन् भने स्रोत व्यवस्थापन तर्फ आन्तरिक आयको थप क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने, संविधानमा भएको व्यवस्था र साझा अधिकार सूचिमा रहेका राजश्वका विषयमा स्पष्टता गर्ने, प्रदेशको स्रोत र दायित्व सृजनाको विश्लेषण गरी बहुवर्षिय आयोजनाको उचित व्यवस्थापन गर्न आवश्यक रहेको छ ।

# परिच्छेद – एक :
# प्रदेशको आर्थिक तथा वित्तीय स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसंख्या ४९,६१,४१२ रहेको छ, जसमध्ये २४,१७,३२८ पुरुष र २५,४४,०८४ महिलाको संख्या रहेको छ। यस प्रदेशको लैङ्गिक अनुपात प्रति १०० जना महिलामा पुरुषको संख्या ९५.०२ रहेको छ। यस प्रदेशमा परिवार संख्या ११,९१,५५६ रहेको तथा जनघनत्व १९२ जना प्रति वर्ग किलो मिटर रहेको छ। त्यसै गरी नगरपालिकामा ६२.४ प्रतिशत जनसंख्या तथा गाउँपालिकामा ३७.६  प्रतिशत जनसंख्या बसोबास गरेको पाइन्छ ।

नेपालमा उद्योग क्षेत्रमा भएको कुल लगानीको २२ प्रतिशत कोशी प्रदेशमा रहेको छ। मुलुक भरी रहेका उद्योग मध्ये ९.५ प्रतिशत उद्योगहरु कोशी प्रदेशमा रहेका छन्। कुल रोजगारीको १३ प्रतिशत रोजगारी कोशी प्रदेशमा रहेका उद्योगहरुको योगदान रहेको छ । विदेशी लगानी स्वीकृत पाएका उद्योगमध्ये कोशी प्रदेशमा रहेका उद्योगहरुको संख्या १४७ रहेका छन् ।

कोशी प्रदेशको कूल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेती योग्य रहेको छ। यस प्रदेशको खेती योग्य जमिन मध्ये ८६.४ प्रतिशत मात्र खेती भइरहेको छ भने खेतीयोग्य तर बाँझो रहेको जग्गा करिब १३ प्रतिशत रहेको छ। यस प्रदेशमा मुख्य खाद्यान्न वालीहरु धान, मकै, गहुँ र कोदो उत्पादन हुन्छ भने नगदे वालीमा चिया, उखु, अलैची, अदुवा, आलु र तरकारी उत्पादन हुन्छ। यो प्रदेश खाद्यान्न उत्पादनका दृष्टिले आत्मनिर्भर रहेको छ।यस प्रदेशमा वनको क्षेत्रफल ४८.९६ प्रतिशत रहेको छ। कोशी प्रदेशमा राष्ट्रिय निकुञ्जहरु २ वटा, वन्यजन्तु आरक्ष १ वटा, र संरक्षण क्षेत्र १ वटा रहेका छन ।

प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक दृष्टिबाट कोशी प्रदेश नेपालको मात्र नभई विश्वको एक प्रमुख पर्यटकीय गन्तव्य हो। विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमाल यसै प्रदेशमा रहेका छन्। अरुण उपत्यका, तीनजुरे-मिल्के-जलजले क्षेत्र, कोशी टप्पु वन्यजन्तु आरक्ष, रेडपाण्डाको वासस्थान र चियाको राजधानी इलाम, बराहक्षेत्र, खुवालुङ, हलेसी र पाथिभारा लगायतका विभिन्न धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरु पर्यटनको प्रमुख गन्तव्यको रुपमा परिचित छन्।

नेपालमा प्रदेशिक तथा स्थानीयस्तरमा कच्ची, ग्रावेल र कालोपत्रे गरी ६६ हजार ५७ किलोमिटर सडक पुगेको छ। निर्मित सडकमध्ये कोशी प्रदेशमा रहेको अंश २०.४३ प्रतिशत छ। यस प्रदेशमा सडक घनत्व ०.५२ प्रति वर्ग कि.मि. रहेको छ । यस प्रदेशमा विमानस्थलसंख्या १५ वटा रहेकोमा ११ वटा नियमित सञ्चालनमा रहेका छन् ।

जल र उर्जामा यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ । यस प्रदेशका विभिन्न जिल्लाहरुमा निर्माण सम्पन्न ४२ वटा जलविद्युत आयोजनाहरुबाट ५१४.२ मेगावाट विद्युत उत्पादन भइरहेको छ । कोशी प्रदेशको कुल जनसंख्या मध्ये ९७ प्रतिशत जनसंख्यमा विद्युतको पहुँच (वैकल्पिक उर्जासहित) पुगेको छ ।

नेपालको राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) रु.५३ खर्ब ८१ अरब ३३ करोड रहेकोमा कोशी प्रदेशको योगदान १५.८ प्रतिशत रहेको छ । जस अनुसार यस प्रदेशको कुल गार्हस्थ उत्पादन (GDP) रु ८खर्व ४९ अरब ६५ करोड हुन आउँदछ । प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.५, उद्योग क्षेत्रको १६.५ प्रतिशत र सेवा क्षेत्रको ५० प्रतिशत योगदान रहेको छ। प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) २.४ प्रतिशत, प्रतिव्यक्ति आय अमेरिकी डलर १२९९  रहेको छ। त्यस्तै प्रदेशको बहुआयामिक गरिवीको जनसंख्या १५.९ प्रतिशत र १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्ति मध्ये ७२.८ प्रतिशत आर्थिक रुपले सक्रिय र २७.२ प्रतिशत अक्सर आर्थिक रुपले निष्क्रिय रहेका छन् ।

कोशी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। बैंक तथा वित्तीय संस्थाका शाखाहरु मध्ये "क" वर्गका ७६२, "ख" वर्गका १९४, "ग" वर्गका ३६ र "घ" वर्गका ८७१ गरी कोशी प्रदेश

जिल्लाहरुमा १,८६३ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन् । कोशी प्रदेशमा २०८० कात्तिक सम्म जीवन बीमालेख संख्या १०,६०,४४० र निर्जीवन बीमालेख संख्या १,०७,२६५ रहेको छ । प्रदेशमा बीमा व्यवसाय गर्ने बीमकको शाखा/उपशाखा/एक्स्टेन्सन कार्यहरुमा जीवन बीमक तर्फ २८३ र निर्जीवन बीमक तर्फ १५८ वटा रहेका छन् ।

कोशी प्रदेशका २०८० पौषसम्म ७ लाख १३ हजार ६ सय घरपरिवारका २२ लाख ४५ हजार ९०२ जना स्वास्थ्य बीमामा आवद्ध भएका छन्। कोशी प्रदेश अन्तरगत स्वास्थ्य बीमामा आवद्ध सेवा प्रदायक स्वास्थ्य संस्था तथा अस्पतालहरु १०७ वटा रहेका छन् ।

कोशी प्रदेशका जिल्लाहरुबाट सामाजिक सुरक्षा कोषमा (२०८० पौष ३ गतेसम्म) सूचीकृत रोजगारदाताको संख्या १,९३५ र योगदानकर्ताको संख्या ४७,१४४ पुगेको छ। सामाजिक सुरक्षा कोषमा आवद्ध योगदानकर्तालाई औषधि उपचार तथा स्वास्थ्य सुविधाका लागि कोशी प्रदेशका ८ वटा अस्पतालहरुमा सेवा उपलब्ध रहेको छ।

नेपालमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सक्रिय लाभग्राहीको संख्या ३५ लाख ९२ हजार ९२६ रहेको मध्ये कोशी प्रदेशमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु ४ लाख ९९ हजार १६३ जना रहेका छन्। (VERSP-MIS को २०८० पौष ४ गतेको विवरण अनुसार)

प्रदेशको मूल आय श्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपुरक र बिशेष अनुदान रहेको छ। संघ अनुदान तर्फ प्रदेशको बजेटमा ४३.८६ प्रतिशत हिस्सा रहेको छ। त्यस्तै अर्को प्रमुख श्रोतको रुपमा संघबाट बाँडफाँड भै प्राप्त हुने मुल्य अभिवृद्धि कर, अन्तशुल्क र रोयल्टी रहेको छ। कुल प्रदेशको बजेटमा संघीय राजस्व/रोयल्टी बाँडफाटको हिस्सा ३१.७० प्रतिशत रहेको छ। आन्तरिक आय तर्फ प्रदेशको कुल बजेटमा १२.४५ प्रतिशत हिस्सा रहेको छ। गत आ.व.को अनुदान बचत समेत नगद मौज्दातको हिस्सा ११.५६ प्रतिशत रहेको छ । यस्तै सोझै भुक्तानी हुने वैदेशिक अनुदानको हिस्सा ०.४३ प्रतिशत रहेको छ।

प्रदेशको आन्तरिक राजश्वको मूल श्रोतको रुपमा यातायात कार्यालयबाट बाँडफाँड भै प्राप्त हुने सवारी साधन कर र यातायात क्षेत्रको अन्य आय समेतको हिस्सा ५६ प्रतिशत रहेको छ भने अर्को प्रमुख श्रोतको रुपमा मालपोत कार्यालयहरुबाट बाँडफाँड भै प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन कर रहेको छ। जसको हिस्सा २० प्रतिशत हुन आउँदछ। अन्य श्रोतको रुपमा प्राकृतिक श्रोतको बिक्रीबाट प्राप्त हुने आय, व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा अन्य प्रशासनिक दस्तुर, दण्ड जरिवाना समेतको हिस्सा २४ प्रतिशत रहेको छ। प्रदेशको कुल बजेटमा चालु खर्च ३४.५ प्रतिशत, पुँजिगत खर्च ५५.५ प्रतिशत र स्थानीय तह अनुदानमा १० प्रतिशत बजेट विनियोजन रहेको छ । चालु खर्च अन्तर्गत संघ अनुदानको फिर्ताको लागि रु.२ अर्ब समेत विनियोजन रहेको छ।

# परिच्छेद - दुई :
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्च स्थितिको विश्लेषण

चालु आर्थिक वर्ष २०८०/८१ का लागि कोशी प्रदेशको विनियोजित बजेट रु.३६ अर्ब ७४ करोड ३५ लाख १० हजार मध्ये अर्धवार्षिक अवधिमा रु.७ अर्व ६६ करोड ७९ लाख ६६ हजार खर्च भएको छ। यो खर्च कुल विनियोजनको तुलनामा २०.८७ प्रतिशत हो। गत आर्थिक वर्ष २०७९/८० को यसै अवधिमा जम्मा रु.९ अर्व ८८ करोड ८४ लाख अर्थात कुल विनियोजनको २४.९ प्रतिशत खर्च भएको थियो। गत

आर्थिक वर्षको अर्धवार्षिक अवधिमा चालु तथा पुँजीगत तर्फ क्रमशः ३१.१ र १९.३ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षमा चालु तथा पुँजीगत तर्फ क्रमशः ३०.६१ र १३.४० प्रतिशत बजेट खर्च भएको छ। आर्थिक वर्ष २०८०/८१ को पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण तालिका-१ मा प्रस्तुत गरिएको छ।

*तालिका १ - पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| बजेट | आ.व.२०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | अर्धबार्षिक खर्च | प्रतिशत | वार्षिक विनियोजन | अर्धबार्षिक खर्च | प्रतिशत |
| चालु खर्च | १३०९१९ | ४०६७१ | ३१.१% | १२६८१०.८३ | ३८८१३.०८ | ३०.६१ |
| पूँजीगत खर्च | २२९९९४ | ४४३१६ | १९.३% | २०३८५०.८२ | २७३२१.८८ | १३.४० |
| वित्तीय व्यवस्था | ० | ० | - | १००.०० | ०.०० | - |
| स्थानीय तह अनुदान | ३६४७० | १३८९७ | ३८.८% | ३६६७३.४५ | १०५४४.७० | २८.७५ |
| **जम्मा खर्च** | **३९,७३,८३** | **९,८८,८४** | **२४.९%** | **३६७४३५.१०** | **७६६७९.६६** | **२०.८७** |
| *गत आ.व.को बचत संघ अनुदान फिर्ता | | १,४६,१२ | | | १,५२,२८ | |

*संघ सशर्त, समपूरक र विशेष अनुदानको खर्च नभएको रकम संघीय सञ्चित कोषमा फिर्ता गरिएको खर्च माथिको तालिकामा चालु खर्चमा समावेश रहेको छ। *स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८०/८१ को लागि २ वटा प्रदेश विनियोजन अध्यादेश र २ वटा प्रदेश आर्थिक अध्यादेश जारी भई २०८० साल मंसिर १५ मा कोशी प्रदेश आर्थिक ऐन र कोशी प्रदेश विनियोजन ऐन २०८० जारी भएको थियो। बजेट तथा कार्यक्रम कार्यान्वयनलाई आर्थिक वर्षको शुरु महिना देखि नै प्रकृया अगाडि बढाउन जोड दिइएको भए तापनि अध्यादेश मार्फत जारी भएको बजेट श्रावण महिनादेखि नै पूर्ण रुपमा कार्यान्वयनमा नआएको हुँदा चालु आर्थिक वर्षको अर्धवार्षिक खर्च प्रगति गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कमि भएको छ।

## २.१.१ मन्त्रालयगत खर्च स्थिति

प्रदेशका सबै मन्त्रालय/निकायको वार्षिक विनियोजन र अर्ध वार्षिक खर्चको विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ ।

*तालिका -२ पौष मसान्तसम्मको मन्त्रालयगत खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| मन्त्रालय /निकाय | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत | बजेट विनियोजन | पौषसम्मको खर्च | प्रतिशत |
| कोशी प्रदेश सभा सचिवालय | २४८८.३५ | ५७८.५४ | २३ | २५२५ | ९१८.७७ | ३६.३९ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७८४८.०४ | १०५०.४५ | १३ | ५८४९.३५ | ४६४.२२ | ७.९४ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १६९०८.३६ | १५११८.८६ | ८९ | २१८७० | १५६६७.६४ | ७१.६४ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६७३७.०३ | ५२६.४३ | ८ | ८७५८.१६ | १२५७.९९ | १४.३६ |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | ० | ० | ० | २६७९६.०७ | ४५१९.२६ | १६.८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार विकास मन्त्रालय | १४००७०.७१ | २८९१८ | २१ | १२६४९८.४३ | १७५०२.२२ | १३.८४ |
| उद्योग श्रम तथा रोजगार मन्त्रालय | ४६९२.५४ | १०७३.६३ | २३ | ० | ० | ० |
| पर्यटन तथा संस्कृति मन्त्रालय | १११७६.५ | १४०२.४४ | १३ | ० | ० | ० |
| भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २५६०.९९ | ३०४.२७ | १२ | ० | ० | ० |
| यातायात व्यवस्था तथा संचार मन्त्रालय | ३०५०.०० | ९५६.३ | ३१ | ० | ० | ० |
| कृषि मन्त्रालय | २२६०८.५ | ३०९०.९९ | १४ | ० | ० | ० |
| वन वातावरण तथा भू-संरक्षण मन्त्रालय | १८२३०.५४ | ५०७१.०६ | २८ | ० | ० | ० |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ० | ० | ० | २२२५३ | ३४८३.६१ | १५.६५ |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ६३०८६.०७ | १४२९४.६२ | | ५६२१७ | १०३९१.४१ | १८.४८ |
| सामाजिक विकास मन्त्रालय | १७४३३.०४ | ३३९९.९२ | २० | १४१९३.१५ | ३८७१.२९ | २७.२८ |
| स्वास्थ्य मन्त्रालय | ३५६०९.०७ | ८७७०.५५ | २५ | ३२५११.७२ | ७५७६.९६ | २३.३१ |
| प्रदेश लोकसेवा आयोग | ९०० | २६९.२१ | ३० | ८८०.२ | ३४२.४५ | ३८.९१ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १९५ | ४४.२६ | २३ | २४० | ६५.८१ | २७.४२ |
| प्रदेश योजना आयोग | ५०६.८८ | ११७.२३ | २३ | ४५१.८ | ७३.३३ | १६.२३ |
| कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ० | ० | ० | ४०० | ० | ० |
| अर्थ विविध | ६८११.३२ | ० | ० | ११३१८.३८ | ० | ० |
| स्थानीय तह | ३६४७०.०१ | १३८९७.१४ | ३८ | ३६६७३.४५ | १०५४४.७ | २८.७५ |
| **जम्मा** | **३९७३८३** | **९८८८३.९** | **२४.९** | **३६७४३५.१** | **७६६७९.६६** | **२०.८७** |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आ.व.को अर्धवार्षिक अवधिमा साविकका मन्त्रालयहरुको प्रगति विवरण अनुसार तुलनात्मक रुपमा माथिको तालिकामा विवरण प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक अवधिमा खर्चको विवरण अनुसार जम्मा विनियोजन मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च बढी देखिनुमा गत बर्षको बचत संघ अनुदान फिर्ता खर्चले गर्दा हो । भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत विकास आयोजना सञ्चालन गर्ने मन्त्रालयको खर्च गत वर्षको तुलनामा कमी देखिएको छ । अध्यादेश मार्फत जारी भएको बजेट प्रतिस्थापन गरी मंसिर १५ गते कोशी प्रदेश विनियोजन ऐन, २०८० जारी भई त्यसपछि मात्र पूर्ण रुपमा बजेट कार्यान्वयनमा आएको हुँदा समीक्षा अवधिमा मन्त्रालयहरुको खर्च कम भएको हो । निर्माणाधिन कार्यको केही रकम भूक्तानी पहिलो तथा दोश्रो चौमासिकमा हुने र अधिकांश भूक्तानी तेश्रो चौमासिकमा हुने भएकोले, नगदमा आधारित लेखा प्रणाली अनुसार खर्च जनाइसकेपछि मात्र वित्तीय प्रगति देखिने हुँदा आगामी दिनमा प्रगति बढदै जाने अनुमान गरिएको छ ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

बजेट वक्तव्य र रातो किताबमा समावेश भएको खर्च व्यहोर्ने स्रोतमा प्रदेश सरकार स्रोत अन्तरगत स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत प्रदेशको आन्तरिक राजस्व, संघबाट बाँडफाँट भई प्राप्त हुने राजस्व र नगद मौज्दातको रकम रहेको छ। चालु आर्थिक वर्षको स्रोतगत खर्चको विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३ - चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक अवधिको स्रोतगत खर्चको विवरण*

(रकम रु. लाखमा)

| खर्च व्यहोर्ने स्रोत | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार | २०४७६०.५ | ५०१४१.५ | २४.८९ |
| वित्तीय समानीकरण अनुदान | ८७८३८.० | १४३६९.९ | १६.३६ |
| विशेष अनुदान | ७६००.० | १५६३.८ | २०.५८ |
| समपूरक अनुदान | ७३००.० | २४५१.१ | ३३.५८ |
| सशर्त अनुदान | ५८४३२.० | ८१५३.४ | १३.९५ |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १५०४.६ | ० | ० |
| **जम्मा** | **३६७४३५.१** | **७६६७९.७** | **२०.८७** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षको समिक्षा अवधिमा प्रदेश सरकार स्रोततर्फको विनियोजन मध्ये रु.५ अर्ब १ करोड ४१ लाख अर्थात विनियोजनको २४.८९ प्रतिशत खर्च भएको छ । संघ सरकारबाट प्राप्त बिशेष अनुदान, समपुरक अनुदान, सशर्त अनुदानको बजेटमा क्रमशः २०.५८, ३३.५८ र १३.९५ प्रतिशत खर्च भएको छ । यो प्रगति प्रतिशत औषतमा प्रदेश सरकार स्रोतको उपयोग भन्दा कम रहेकाले शर्त सहित आयोजना/कार्यक्रम तोकिएर आउने र खर्च नभए फिर्ता गर्नुपर्ने संघ समपुरक, विशेष र सशर्त अनुदानको अधिकतम उपयोग गर्न यी अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान आवश्यक रहेको छ । समिक्षा अवधिमा वित्तीय समानीकरण अनुदानको स्रोत १६.३६ प्रतिशत खर्च भएको छ ।

## २.२ राजस्व परिचालन तथा अनुदान प्राप्ति

### २.२.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समीक्षा अवधिको स्रोत परिचालनको विवरण तालिका ४ मा समावेश गरिएको छ ।

*तालिका ४- पौष मसान्तसम्मको स्रोत परिचालनको तुलनात्मक विवरण*

(रकम रु.लाखमा)

| स्रोत | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत |
| राजस्व बाँडफाँट (मू.अ.कर, अन्तःशुल्क र रोयल्टी) | ११८८२४ | ३१४८९ | **२६.५%** | ११६४८१ | ३५९९६.७ | **३०.९%** |
| वित्तीय समानीकरण अनुदान | ९००८२ | २२५२० | **२५.०%** | ८७८३८ | ४३९१९ | **५०.०%** |
| सशर्त अनुदान | ८६९५९ | १९७७६ | **२२.७%** | ५८४३२ | ३३२२१ | **५६.८%** |
| समपूरक अनुदान | ९२०० | ३०३६ | **३३.०%** | ७३०० | २४०९ | **३३.०%** |
| विशेष अनुदान | ४७५० | १५६८ | **३३.०%** | ७६०० | २५०८ | **३३.०%** |
| आन्तरिक राजस्व (प्रदेशले संकलन गर्ने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने समेत) | ४९८४५ | १६३५३ | **३२.८%** | ४५७७८.५ | १५६९२.१ | **३४.३%** |
| नगद मौज्दात/अनुदान बचत | ३५१५५ | ३५१५५ | **१००%** | ४२५०१ | ४२५०१ | **१००.०** |
| वैदेशिक अनुदान | २५६८ | ० | - | १५०४.६ | ० | - |
| **जम्मा** | **३९७३८३** | **१२९८९७** | **३२.६९%** | **३६७४३५.१** | **१७६२४६.८** | **४७.९७%** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा प्रदेशको समग्र स्रोत प्राप्ति तर्फ ३५.७ प्रतिशतले वृद्धि भई रु.१७ अर्व ६२ करोड ४६ लाख प्राप्ति भएको छ । गत वर्षको अर्धवार्षिक अवधिमा संघ वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत र सशर्त अनुदानको २२.७ प्रतिशत मात्र प्राप्ति भएकोमा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा समानीकरण अनुदानको ५० प्रतिशत र सशर्त अनुदानको ५६.८ प्रतिशत अनुदान प्राप्त भईसकेको हुँदा गत वर्षको भन्दा बढी स्रोत प्राप्ति देखिएको हो । यस्तै गत वर्षको नगद मौज्दात तथा अनुदान बचत रकम पनि अघिल्लो वर्षको तुलनामा बढी रहेको छ । मुल्य अभिबृद्धि कर र आन्तरिक अन्तःशुल्कको राजश्व बाँडफाँड तर्फ गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा बढी प्राप्त भएको देखिएतापनि वार्षिक लक्ष्यको तुलनामा ३०.९ प्रतिशत मात्र प्राप्त भएको हुँदा यो आर्थिक वर्षमा लक्ष्य भन्दा निकै कम राजस्व प्राप्त हुने देखिन्छ । प्रदेशको आन्तरिक राजस्व तर्फ गत आर्थिक वर्षको तुलनामा कम प्राप्ति भएको छ।

### २.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण

प्रदेश सरकार अन्तरगतका निकायहरुबाट संकलन हुने, मालपोत कार्यालयबाट संकलन भई बाँडफाँट हुने र स्थानीय तहबाट बाँडफाँट भई प्राप्ति हुने समेत प्रदेशको आन्तरिक आयतर्फ राजस्व संकलनको शीर्षकगत विवरण तालिका-५ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५ – प्रदेशको आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण*

(रकम रु. लाखमा)

| क्र.सं. | विवरण | आ.व.२०८०/८१ को वार्षिक लक्ष्य | आ.व.२०७९/८० को अर्धवार्षिक प्राप्ति | आ.व.२०८०/८१ को अर्धवार्षिक प्राप्ति | आ.व.२०८०/८१ को अर्धवार्षिक प्राप्ति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बाँडफाँटबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | १४५०० | २९९७ | ३१३१.५२ | २१.५९ |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १३५०० | ४५९७ | ५७७८.९९ | ४२.८१ |
| ३ | बाँडफाँटबाट प्राप्त मनोरञ्जन र विज्ञापन कर | ६० | १९ | ३०.३० | ५०.५० |
| ४ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तर शुल्क | २००० | १६३ | ५३८.११ | २६.९१ |
| ५ | वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम | ६७७ | २२८ | ४३६.७५ | ६४.५१ |
| ६ | प्रशासनिक सेवा दस्तुर (परीक्षा शुल्क समेत) | १८४५ | ६६१ | २२४.१५ | १२.१५ |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९०१ | ३८० | ३७०.५० | ४१.१३ |
| ८ | पर्यटन शुल्क र पदयात्रा शुल्क | २० | ० | ० | ० |
| ९ | यातायात क्षेत्रको आम्दानी | ११०० | ३९५ | ३९०.९५ | ३५.५४ |
| १० | चालक अनुमतिपत्र, सवारी दर्ता किताव (Blue Book) सम्बन्धी दस्तुर | ७३०० | ३१३७ | २५३९.५४ | ३४.७९ |
| ११ | विविध राजश्व र दण्ड, जरिवाना, जफत | ६२.५० | १४ | ४२.२४ | ६७.५८ |
| १२ | वहालबाट प्राप्त आय र बाँडफाँड नहुने रोयल्टी | १३ | ५ | ३.८२ | २९.३८ |
| १३ | अनुदान फिर्ता, निकासा फिर्ता र बेरुजु असुली | ३८०० | ३७५७ | २२०५.२० | ५८.०३ |
| **जम्मा** | | **४५७७८.५** | **१६३५३** | **१५६९२.१** | **३४.२८** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

माथिको तालिका-५ को विवरण अनुसार आन्तरिक आयतर्फ वार्षिक लक्ष्यको तुलनामा ३४.२८ प्रतिशत मात्र संकलन भएको छ । चालु आ.व.को अर्धवार्षिक अवधिमा प्रदेशको आन्तरिक आय गत आर्थिक वर्षको भन्दा रु.६ करोड ६० लाख ८४ हजार (४.०४ प्रतिशत) ले कमी भएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क र

सवारी साधन कर संकलनमा गत वर्षको तुलनामा केही बृद्धि भएको छ । प्रचलित कानून बमोजिम स्थानीय तहमा संकलन भई प्रदेशमा बाँडफाँड हुनुपर्ने प्राकृतिक स्रोत बिक्री शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क वापत प्रदेशले प्राप्त गर्नुपर्ने रकम सबै स्थानीय तहबाट बाँडफाँड भई प्राप्त नभएको भए तापनि यी शीर्षकहरुमा गत वर्षको तुलनामा केही राजश्व बृद्धि भएको छ । प्रदेशबाट स्थानीय तहमा गत आ.व.हस्तान्तरण गरेको सशर्त र समपूरक अनुदानको खर्च नभई बचत रकम कतिपय स्थानीय तहबाट असार महिनामै फिर्ता भईसकेको र अघिल्लो वर्षको आम्दानीमा देखिने हुँदा अनुदान फिर्ता शीर्षकमा कमी भएकोले प्रदेशको आन्तरिक आयमा गत वर्षको तुलनामा कमी देखिएको हो ।

### २.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु

- राजस्व संकलन र बाँडफाँटका सम्बन्धमा सम्बन्धित स्थलगत भ्रमण, अनुगमन तथा पत्राचार गरी समन्वय भइरहेको छ ।
- मन्त्रालयमा राजस्व क्षेत्रको पहिचान तथा विवरण अद्यावधिक गर्न एक कार्यदल गठन भई कार्य भइरहेको छ ।
- प्रदेश आर्थिक ऐन, २०८० ले दिएका कर छुट तथा सहुलियतको जानकारी गराउन प्रचारप्रसार एवम् सूचना प्रकाशन तथा प्रसारण गरिएको छ।

### २.२.५ राजस्व संकलनमा देखा परेका चुनौती

- सबै स्थानीय तहबाट प्राप्त हुनुपर्ने राजस्व र सो को यथार्थ विवरण समयमै प्राप्त गर्नु ।
- दहत्तर बहत्तर शुल्क संकलन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश आर्थिक ऐन बीच सामन्जस्यता कायम गरि राजस्व संकलनको क्षेत्राधिकार स्पष्ट गर्नु ।
- प्रभावकारी अनुगमनको लागि आवश्यक सीपयुक्त जनशक्ती र अन्य स्रोतको उचित व्यवस्थापन गर्नु ।
- राजस्व चुहावटका क्षेत्रको पहिचान गरि तीनको नियमन गर्नु ।
- सवारी साधन कर तिर्ने सेवाग्राहीका समस्यालाई सम्बोधन गर्न यातायात सम्बन्धी राजस्वलाई अनलाइन दाखिला गर्ने प्रणालीको विकास गर्नु ।

# परिच्छेद – तीन :
# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

### ३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक अवधिमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अवस्था तालिका-७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ६ - स्थानीय तहलाई अनुदान हस्तान्तरणको विवरण*

(रकम रु. लाखमा)

| विवरण | आ.व.२०८०/८१ को विनियोजन | २०८० पौष सम्मको निकासा | प्रतिशत |
|---|---|---|---|
| २६३३१-वित्तीय समानीकरण अनुदान | १०००० | ३६४३.५४ | ३६.४३ |
| २६३३२-सशर्त अनुदान | १२४७२.१९ | ४०८८.२३ | ३२.७७ |
| २६३३४-समपूरक अनुदान | १४२०१.२६ | २८१२.९३ | १९.८० |
| **जम्मा** | **३६६७३.४५** | **१०५४४.७०** | **२८.७५** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

आ.व. २०८०/८१ को लागि स्थानीय तहमा तीनवटा अनुदान प्रदान गर्न विनियोजित रु.३ अर्ब ६६ करोड ७३ लाख मध्ये रकम पौष मसान्तसम्म जम्मा रु.१ अर्ब ५ करोड ४४ लाख ७० हजार रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको छ । बाँकी किस्ता निकासा गर्नका लागि स्थानीय तहले खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ । सबै स्थानीय तहबाट समयमै खर्चको प्रतिवेदन प्राप्त नहुँदा अनुदान निकासामा समस्या हुने गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सुत्र र आधार बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिन्छ। तोकिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार अन्तर्गतका मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिएको छ । प्रदेश सरकार र स्थानीय तहको क्रमशः ७० र ३० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने पूर्वाधार निर्माण सम्बन्धी आयोजनामा समपुरक अनुदान प्रदान गर्ने कानूनी प्रावधान रहेको छ । वित्तीय समानीकरण, सशर्त अनुदान र समपुरक अनुदानको रकम निकासा गर्ने व्यवस्था कोशी प्रदेश विनियोजन ऐन, २०८०, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा रहेको छ।

## ३.२ सवारी साधन कर बाँडफाँट

प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सावरी साधन कर संकलन एवम् प्रशासन प्रदेश सरकारबाट भइरहेको छ। प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर प्रदेशलाई ६० प्रतिशत र स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँड गर्ने प्रावधान रहेको छ । स्थानीय तहलाई हस्तान्तरण हुने सवारी साधन कर २०८० श्रावण देखि पौष मसान्तसम्म संकलन भएको रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशतले हुन आउने जम्मा रु ३८ करोड ५२ लाख ६६ हजार रकम बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिएको छ ।

# परिच्छेद – चार
# बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको विवरण देहायअनुसार रहेको छ।

**तालिका ७.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण**

(रकम रु.हजारमा)

| मन्त्रालय | ठेक्का सम्झौता रकम | आ.व.२०७९/८० सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०८०/८१को विनियोजन |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय (भवन आवास तर्फ) | ३३४०६८२.७७ | १९७९४८३.८६ | ९१०५७८.१० | ७३१०००.०० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय (सडक र पूल तर्फ) | २९९९२९२२.८५ | १७९८६१५९.२३ | १४६११४३८.६८ | ३८२८६७०.०० |
| खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | १८३८००४.२६ | १०८६०५९.७९२ | ७१२३९८.६७५६ | २७८०४४.०० |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | ७१५९७२.५९ | ३०७३६८.९३ | २२६०४.८६ | ११५०००.०० |
| **जम्मा** | **३५८८७५८२.४७** | **२०७४०७८६.८६** | **१६२५७०२०.३२** | **४९५२७१४.००** |
| पुनश्च - माथि उल्लेखित दायित्व ठेक्का सम्झौता रकम मात्र हो । | | | | |

*स्रोत: सम्बन्धित विषयगत मन्त्रालय*

# परिच्छेद – पाँच
# समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

## ५.१ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान

चालु आर्थिक वर्षको आयको संशोधित अनुमान तालिका -६ मा प्रस्तुत गरिएको छ।

*तालिका ७- प्रदेशको स्रोत परिचालनको संशोधित अनुमान विवरण*

(रकम रु. लाखमा)

| स्रोत | आ.व. २०८०/८१ | | |
|---|---|---|---|
| | **वार्षिक लक्ष्य** | **संशोधित अनुमान** | **प्रतिशत** |
| राजस्व बाँडफाँट | ११६४८१ | ९२५६० | ७९.५ |
| वित्तीय समानीकरण अनुदान | ८७८३८ | ८७८३८ | १००.० |
| सशर्त अनुदान | ५८४३२ | ५३४३२ | ९१.४४ |
| समपूरक अनुदान | ७३०० | ७३०० | १००.० |
| विशेष अनुदान | ७६०० | ७६०० | १००.० |
| आन्तरिक राजस्व | ४५७७८.५ | ४०१२५ | ८७.७ |
| नगद मौज्दात/अनुदान बचत | ४२५०१ | ४२५०१ | १००.० |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | १५०४.६ | ४५० | २९.९ |
| **जम्मा** | **३६७४३५.१** | **३३१८०६** | **९०.३०** |

## ५.२ आयको संशोधित अनुमानका आधारहरु

आन्तरिक राजस्व तर्फ चालु आ.व.को अर्धवार्षिक अवधिमा रु.१ अर्ब ५६ करोड ९२ लाख प्राप्त भएको र गत आर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत आधार मानी संशोधित अनुमान तयार गरिएको छ । संघ अनुदान तर्फ वित्तीय समानीकरण अनुदान, समपूरक र विशेष अनुदानको लागि तोकिएको रकम पुर्ण प्राप्ति हुने अनुमान गरिएको छ । सशर्त अनुदान अन्तरगत वैदेशिक स्रोत तर्फ कतिपयको निकासा रोक्का हुने वा शोधभर्नाको प्रक्रियामा जाने हुँदा सबै प्राप्ति नहुने भएकोले लक्ष्यभन्दा कम प्राप्ति हुने अनुमान गरिएको छ। राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्क) तर्फ चालु आथिक वर्षको अर्धवार्षिक अवधि सम्मको प्राप्ति, गत आर्थिक वर्षको वार्षिक प्राप्तिलाई समेत आधार मानी संशोधित अनुमान तयार गरिएको छ।

## ५.३ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट मध्ये जम्मा रु.३३ अर्ब १८ करोड ५ लाख ४५ हजार अर्थात् विनियोजनको ९०.३ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । चालु आर्थिक वर्षको खर्चको संशोधित अनुमान तालिका-८ मा प्रस्तुत गरिएको छ।

*तालिका ८ - खर्चको संशोधित अनुमान*

(रकम रु. लाखमा)

| खर्चको प्रकृति | बजेट विनियोजन | खर्चको संशोधित अनुमान | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १२६८१०.८३ | ११०५४७.०० | ८७.१७ |
| पूँजीगत खर्च | २०३८५०.८२ | १८४४८५.०० | ९०.५० |
| वित्तीय व्यवस्था | १००.०० | १००.०० | १००.० |
| स्थानीय तह अनुदान | ३६६७३.४५ | ३६६७३.४५ | १००.० |
| **जम्मा** | **३६७४३५.१०** | **३३१८०५.४५** | **९०.३०** |

## ५.४ खर्चको संशोधित अनुमानको आधार

खर्चको संशोधित अनुमान तयार गर्दा चालु खर्चमा कृषि क्षेत्रको अनुदान तथा कार्यक्रम, शिक्षा तर्फ विश्वविद्यालय, प्राविधिक शिक्षा एवम् विद्यालयलाई अनुदान, १० वर्ष मुनिका वालबालिकालाई निःशुल्क स्वास्थ्य उपचार, सामाजिक विकास, वन तथा वातावरण संरक्षण, सीप विकास तथा तालिम जस्ता विभिन्न क्षेत्रका कार्यक्रमका लागि चालु खर्चमा विनियोजन रहेको हुँदा र प्रशासनिक खर्चमा वृद्धि भए अनुसार चालु तर्फको संशोधित अनुमान तयार गरिएको छ । पूँजीगत खर्च तर्फ बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजित बजेटले अपुग हुने आयोजनालाई स्रोत व्यवस्थापन गर्नुपर्ने हुँदा बजेट समर्पण पश्चात् बचत रकम अपुग हुने पूँजीगत तर्फ खर्च गरिने भएकोले सोही अनुसार संशोधित अनुमान तयार गरिएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेट अधिकांश खर्च गर्ने लक्ष्य राखिएको छ ।

## ५.५ खर्चको प्राथमिकीकरण

### ५.५.१ चालु खर्च

- प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, मितव्ययीता तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ बमोजिम प्रशासनिक खर्च व्यवस्थापनमा मितव्ययीता अवलम्बन गरिएको छ ।
- प्रशासनिक खर्चमा मितव्ययीताको नीति अबलम्बन गर्दै अत्यावश्यक बाहेक खर्चहरु नगर्ने नीति अवलम्बन गरिएको छ ।

- सेवा प्रवाह लागत घटाउन विद्युतीय प्रणाली मार्फत सेवा प्रवाहमा जोड दिई कार्यालय र कर्मचारी संख्यालाई सकेसम्म न्यूनतम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी स्थायी दरबन्दी स्वीकृति हुने व्यवस्था मिलाई कार्य सञ्चालन हुने व्यवस्था मिलाउन पहल गरिएको छ ।

### ५.५.२ पूँजीगत खर्च

- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको अवस्था र सिर्जित दायित्व भुक्तानी स्रोतले धान्न सक्ने क्षमता र भविष्यमा गर्नुपर्ने मर्मत सम्भार (खासगरी भौतिक पूर्वाधार) समेतलाई मध्यनजर गर्दा विनियोजन भन्दा बाहेकको थप दायित्व सृजना नगर्ने नीति अवलम्बन गरिएको छ ।
- बहुवर्षीय आयोजनाहरुको बढ्दो दायित्व भुक्तानी गर्न कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरु संघ सशर्त, समपूरक अनुदान तथा लागत साझेदारीमा गर्ने व्यवस्था मिलाउन सोही अनुरुप प्रस्ताव पेश गरिएको छ ।
- प्रदेश सरकारले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी नियमन गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।
- आयोजनाको फिजिकल कन्टिन्जेन्सी र प्रशासनिक कन्टिन्जेन्सी खर्चको लागि निश्चित मापदण्ड बनाएर कानूनी व्यवस्था बमोजिम मात्र खर्च गर्न परिपत्र गरिएको छ ।
- आयोजना तथा कार्यक्रमहरुको ठेक्का आह्वान गर्दा विनियोजन रकम भन्दा कम रकम बोलकबोल गरी ठेक्का सम्झौता भएको खण्डमा सहायक र पुनः ठेक्का आह्वान नगर्ने साथै त्यस्तो बचत रकम अन्य प्रयोजनमा खर्च नगर्ने नीति अवलम्बन गरिएको छ ।

## परिच्छेद – छ

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

### ६.१ आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

मिति २०८० जेठ ३२ गते अध्यादेश मार्फत जारी भएको चालु आ.व. को बजेट कार्यान्वयन गर्न मिति २०८० श्रावण २२ गते आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी भएको छ । उक्त मार्गदर्शन अनुसार अर्को व्यवस्था नभएसम्म (पूँजीगत खर्च र विकास कार्यक्रम बाहेक) चालु खर्च तर्फका ५१ वटा खर्चशीर्षकमा विनियोजित बजेट मात्र खर्च गर्नु गराउनु हुनेछ भनी खर्च गर्ने अख्तियारी प्रदान गरिएको थियो । संघ अनुदान प्राप्ति र कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयबाट मार्गदर्शन प्राप्त भएको छ। यसैगरी २०८० भाद्र २४ गते दोस्रो पटक प्रदेश विनियोजन अध्यादेश, २०८० जारी भएपछि अध्यादेश अनुसारको सबै बजेट कार्यान्वयन गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भाद्र २५ गते बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको छ ।

अध्यादेश मार्फत जारी भएको बजेट प्रतिस्थापन गरी २०८० मंसीर १५ गते प्रदेश विनियोजन ऐन, २०८० जारी भएपछि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट कार्यान्वयन मार्गदर्शन स्वीकृत गरी २०८० मंसीर २० गते सबै मन्त्रालय/निकायमा कार्यान्वयनको लागि प्रेषित गरिएको छ ।

आ.व.२०८०/८१ को बजेट कार्यान्वयन मार्गदर्शनका मुख्य व्यवस्थाहरुः

- मन्त्रालय/निकायको विनियोजित बजेटबाट स्थानीय तहलाई अनुदान हस्तान्तरण गर्न परेमा वा एकमुष्ट विनियोजन रहेको रकम मातहत कार्यालयलाई पौष मसान्तभित्र बाडफाँट गरिसक्नुपर्ने।
- बजेट तथा कार्यक्रममा स्वीकृत नभएका आयोजना/कार्यक्रमको कार्य अघि नबढाउने।

- खर्च नहुने बजेट समर्पण चैत्र १५ भित्र गरिसक्नु पर्ने।
- आयोजना बैंक मार्फत आगामी आ.व.को लागि आयोजना/कार्यक्रम छनौट गर्ने।
- परिमार्जित खरिद योजना तथा कार्ययोजना तयार गर्ने र पौष मसान्तभित्र कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने।
- बजेटमा परेका सबै आयोजना/कार्यक्रमको प्रारम्भिक चरणका कार्य पूरा गरी यथाशीघ्र कार्य प्रारम्भ गर्ने तथा कार्यदिश दिने ।
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गरी पौष मसान्त १५ भित्र स्वीकृत गरिसक्नु पर्ने।
- संघ, सशर्त, समपुरक र विशेष अनुदान खर्चको विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने।
- आयोजनाको निर्माण कार्य जेष्ठ मसान्तभित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता गर्नुपर्ने।
- ठेक्का लगाई बचत रकमबाट पुनः सहायक ठेक्का नलगाउने वा खर्च नगर्ने। ठेक्का लगाएर बचत भएको बजेट समर्पण गर्नुपर्ने ।
- थप बजेट र बहुवर्षीय आयोजनामा बाहेक अन्य क्रियाकलापमा विनियोजनको शतप्रतिशत भन्दा बढी रकमान्तर नगर्ने। बहुवर्षीय आयोजनामा विनियोजित रकम अन्यत्र रकमान्तर नगर्ने। एकपटक रकमान्तर/संशोधन गर्न रकम घटाइसकेपछि सोही क्रियाकलापमा पुनः रकम थप नगर्ने।
- बाह्य परामर्शदाता नियुक्ति गर्ने कार्यलाई निरुत्साहित गर्ने, सरकारी हलमा कार्यक्रम सञ्चालन गर्ने, वित्तीय विवरण सार्वजनिक, भुक्तानी अघि रु.५० हजार भन्दा बढीको बिल सार्वजनिक गर्ने आदि ।

## ६.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति

प्रदेशमा बजेट तर्जुमा तथा व्यवस्थापनमा प्रयोगमा रहेको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट भएको बजेट तथा कार्यक्रमलाई नै सम्बन्धित प्रादेशिक निकायले खर्च गर्ने अख्तियारीको रुपमा मानी खर्च गर्ने गराउने भन्ने प्रदेश विनियोजन ऐन, २०८० र चालु आर्थिक वर्ष २०८०/८१ को बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेख रहेको छ।

प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालयलाई चालु आर्थिक वर्षमा संघ सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानका रुपमा वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट PLMBIS मार्फत सम्बन्धित निकायलाई अख्तियारी प्रदान गरिएको छ । स्वीकृत वार्षिक कार्यक्रमको विवरण (कार्यक्रम पुस्तिका) प्रकाशन गरिएको छ। साथै सर्वसाधारणको जानकारीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइड मार्फत सार्वजनिक गरिएको छ ।

## ६.३ समीक्षा अवधिमा गरिएका प्रयास

गत आ.व. २०७९/८० को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्नुका साथै आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइडमर्फत सार्वजनिक गरिएको छ । बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन बजेट कार्यान्वयन मार्गदर्शन एवम् अन्य परिपत्रहरु पठाइएको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ । स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मार्गदर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले तर्जुमा गरी लागू गर्न सक्ने गरी विनियोजन ऐनमा व्यवस्था गरिएको छ।

## ६.४ प्रथम त्रैमासिक अवधिको राजस्व र खर्च

चालु आ.व.२०८०/८१ को प्रथम त्रैमासिक (श्रावण-असोज महिना) अवधिमा कोशी प्रदेशको राजस्व र अनुदान तर्फ रु.६ अर्ब ५५ करोड ९० लाख प्राप्ति भएको छ । प्रथम त्रैमासिक अवधिमा कोशी प्रदेशको चालु खर्च रु.३ अर्ब २२ करोड ३८ लाख र पूँजीगत खर्च रु.८५ करोड ७२ लाख गरी जम्मा रु.४ अर्ब ८ करोड १० लाख (विनियोजनको ११.३%) खर्च भएको छ । प्रदेश विनियोजन अध्यादेश जारी भएको हुँदा प्रथम त्रैमासिक अवधिसम्म कार्यान्वयन भएको बजेट रु.३६ अर्ब २४ करोड ३५ लाख १० हजार विनियोजन रहेको थियो ।

गत आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासिक अवधिमा प्रदेशको राजस्व तथा अनुदान तर्फ रु.५ अर्ब ५९ करोड ४१ लाख प्राप्ति भएको थियो भने कुल खर्च तर्फ रु.५ अर्ब ४ करोड १८ लाख (विनियोजनको १३.४ प्रतिशत) खर्च भएको थियो ।

## ६.५ आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन

आ.व. २०७९/८० को कोशी प्रदेश सरकार अन्तर्गतका निकायको आन्तरिक लेखापरीक्षण बेरुजु रकम रु.८४ करोड ६९ लाख ११ हजार रहेको छ । यो कुल खर्च रु.३० अर्ब ७५ करोड ७७ लाख ८१ हजार को तुलनामा बेरुजु २.७५ प्रतिशत हो । जसमध्ये अशुल गर्नुपर्ने रु.१ करोड ६९ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ६२ लाख ५० हजार, पेश्की बाँकी बेरुजु रु.७८ करोड ३७ लाख २२ हजार रहेको छ। आन्तरिक लेखपरीक्षण प्रतिवेदन आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइड मार्फत सार्वजनिक रुपमा प्रकाशन गरिएको छ। आन्तरिक लेखापरीक्षणमा औंल्याएको बेरुजु फस्यौंट तथा सुझाव कार्यान्वयनका लागि प्रदेशका सबै मन्त्रालय तथा निकायलाई प्रतिवेदन पठाइएको छ।

## ६.६ अन्य कार्यहरु

- आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० अनुसार प्रदेशस्तरीय आयोजना बैंक व्यवस्थापन प्रणालीमा आयोजना प्रविष्टि गर्ने कार्यलाई जोड दिइएको छ ।
- प्रदेश अन्तरगत स-साना आयोजना अर्थात् चालु आर्थिक वर्षमा रु.२५ लाख भन्दा कम विनियोजन गरिएको छैन भने आगामी आर्थिक वर्षमा रु.५० लाख भन्दा कम विनियोजन नगर्ने नीति लिइएको छ।
- बेरुजु न्यूनीकरण र फस्यौंटको कार्यलाई प्राथमिकतामा राखिएको छ । बेरुजुको अद्यावधिक लगत राख्न विद्युतीय प्रणाली सञ्चालनमा ल्याइएको छ। बेरुजु न्यूनीकरण तथा फस्यौंटलाई प्रोत्साहन गर्न कार्यविधिको मस्यौदा तर्जुमा भईरहेको छ ।

# परिच्छेद – सात :
# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

प्रदेश मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरण बमोजिम चालु आ.व.२०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धिहरु देहाय अनुसार रहेका छन् ।

## ७.१ आर्थिक र वित्तीय क्षेत्र

### ७.१.१ आर्थिक मामिला तथा योजना मन्त्रालय

सम्पादित मुख्य कार्यहरु

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम ३९ (अनुसूची-६) अनुसार मन्त्रालय/कार्यालय निरीक्षण गर्ने सम्बन्धी कार्यमा समन्वय गरिएको।

२. आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको लागि पठाइएको।

३. यस मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिको बैठक बसी आ.व.२०७९/८० को वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरिएको।

४. आ.व.२०७९/८० को अन्तिम लेखापरीक्षण गराइएको।

५. बजेट सम्बन्धी प्रतिस्थापन विधेयक (कोशी प्रदेश आर्थिक विधेयक, र कोशी प्रदेश विनियोजन विधेयक२०८० को मस्यौदा गरि स्वीकृतिको लागिप्रदेश सरकार मन्त्रिपरिषद्मा पठाइएको।

६. मन्त्रिपरिषद्बाट स्वीकृत भएको कोशी प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी विधेयक २०८० प्रदेश सभामा प्रस्तुत गर्न आवश्यक कार्यहरु गरिएको।

७. **बेरुजु न्यूनीकरण तथा फस्र्यौट सम्बन्धी कार्यविधि, २०८०** को मस्यौदामा राय सुझावका लागि सबै मन्त्रालय/ निकायमा पठाइएको।

८. आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन कार्यान्वयनको लागि सबै मन्त्रालय/ निकायमा लेखी पठाएको।

९. आ.व.२०७९/८० को बजेट कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको।

१०.सबै प्रदेश मन्त्रालय/निकायहरुलाई आ.व. २०८०/८१ को बजेट कार्यान्वयन मार्गदर्शनको पठाइएको।

११.खाजा खर्च सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा निर्णयका लागि म.प. प्रस्ताव पेश गरिएको।

१२.मन्त्रालयको तथा अन्तर्गतका कार्यालयको आ.ब.२०७९/०८० को बार्षिक प्रगति समिक्षा सम्पन्न गरिएको ।

१३.मन्त्रालय तथा अन्तर्गतका कार्यालयको आ.ब.२०७९/०८० को बार्षिक प्रगति विवरण, बार्षिक प्रगति विवरणको प्रस्तुतीकरण, प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन तथा २०८०/०८१ को मासिक प्रगति विवरण नियमित रुपमा तयार गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको

१४.सोह्रौं योजना तर्जुमा सम्बन्धी स्वीकृत अवधारणा-पत्र अनुरूप योजना आयोगलाई उपलब्ध गराउने विवरण तयार गरी पठाइएको।

### ७.१.२ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

### सम्पादित कार्यक्रम आयोजनाको विवरण

| कार्यक्रम/आयोजना | कार्यक्रम संख्या जम्मा | दर्ता भएका प्रस्ताव संख्या | स्थलगत प्रमाणिकरण भएका | छनौट भएका संख्या | सम्झौता भएका संख्या |
|---|---|---|---|---|---|
| पशुपन्छी विकास तर्फ* | ३३ | १२१३ | १०७६ | १७० | ० |
| कृषि विकास तर्फ* | ३२ | ३४३२ | २६१७ | २५० | ९५ |
| उद्योग बाणिज्य तथा आपूर्ती कार्यक्रम | प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरुको सुचना प्रवाह भै निवेदन प्राप्त हुने | | | | |

| कार्यक्रम/आयोजना | कार्यक्रम संख्या जम्मा | दर्ता भएका प्रस्ताव संख्या | स्थलगत प्रमाणिकरण भएका | छनौट भएका संख्या | सम्झौता भएका संख्या |
|---|---|---|---|---|---|
| | क्रममा रहेको। | | | | |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | जिल्लास्तरमा ब्लक विकास कार्यक्रमहरुको छनौट प्रकृया अन्तिम चरणमा पुगेको | | | | |
| उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यक्रम (विशेष अनुदान) | उद्यम प्रवर्द्धन सम्बन्धी प्रविधि हस्तानतरण कार्यक्रमहरुको सुचना प्रवाह भै निवेदन प्राप्त हुने क्रममा रहेको। | | | | |

- यसरी मन्त्रालय मातहतका कार्यालयहरुले स्वीकृत कार्यक्रमहरुको सुचना प्रकाशन गरी स्थलगत अनुगमन र सम्झौताको क्रममा रहेको हुँदा कार्यक्रमहरु समयावधि भित्रै सम्पन्न हुने देखिन्छ।
- विभिन्न स्थानमा १० वटा माटो परिक्षण शिविर संचालन भई ८९१ वटा माटोको नमुना परिक्षण भई माटोको अवस्था बारे कृषकहरुलाई जानकारी भएको ।
- विभिन्न स्थानमा २० वटा प्लान्ट क्लिनिक संचालन भई १८६५ कृषकहरुले आफ्नो बाली बिरुवामा लागेका रोग कीराको परिक्षण गराई त्यसको उपचार तथा सुझाव प्राप्त गरेका।
- यस अर्धवार्षिक अवधिमा विभिन्न जिल्लाहरुमा कुल ७६१७० (गाई ६७०८६, भैसी ८१४८,बाख्रा ८६५, बंगुर ७१) पशुहरुमा कृत्रिम गर्भाधान सम्पन्न भई आगामी दिनमा पशु नश्ल सुधारमा योगदान पुग्ने ।
- पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि यस अवधिमा कुल ४७८४०१ खोप लगाईएको ।कुल खोप संख्या मध्ये खोरेत विरुद्ध ३६३६८०, रेविज १०५२०, पीपीआर ३४५००, रानीखेत ३१९१९ र गम्बारो विरुद्ध ३७७८२ खोप लगाईयो । साथै पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट लम्पि स्कीन रोग विरुद्ध ८०९१९ डोज खरिद गरि आगामी दिनका लागि लम्पि स्कीन रोग नियन्त्रणका लागि तयारी गरिएको छ ।
- यस अवधिमा सरकारी र नीजिक्षेत्रमा गरी कुल २७७९८२ पशुहरालई उपचार सेवा उपलब्ध गराईएको
- उद्योग वाणिज्य प्रशासन सम्बन्धी सेवालाई सूचना प्रविधिको माध्यमबाट प्रदान गरी सेवा प्रवाहलाई सहज, सरल, छिटो, छरितो र विश्वसनिय बनाउन उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन निर्देशिका, २०८० मिति २०८०।०८।२९ गते जारी गरी प्रदेशमा रहेका उद्योग तथा व्यापार दर्ता, नविकरण लगायतका दैनिक सेवाहरुलाई अनलाईन सफ्टवेयर मार्फत सेवा दिन थालिएको।
- विगतमा जारी भएको प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार प्रदेशमा उद्योग दर्ता तथा नियमन हुदै आएकोमा सो कार्यलाई प्रभावकारी र ब्यवस्थित ढंगले कार्यान्वयन गर्नको लागी आवश्यक पर्ने प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० मिति २०८०।०९।०१ जारी गरी कार्यान्वयनमा गएको।
- मन्त्रालयबाट प्रदेशको कार्यक्षेत्र रहेको ५० करोड भन्दा बढी कारोबार गर्ने वचत तथा ऋण सहकारी संस्थाहरुको विशेष अनुगमन गर्ने कार्यक्रम अन्तर्गत झापा स्थित ५ वटा सहकारी संस्थाको विशेष अनुगमन गरिएको। सहकारी रजिस्ट्रार कार्यालयबाट १५१ वटा सहकारीको नियमित अनुमगन तथा १४ वटा सहकारीको सघन अनुगमन गरिएको छ ।
- सहकारी संस्थामा देखिएका विभिन्न प्रकारका प्राप्त उजुरीहरुको अध्ययन तथा अनुगमन गरी फर्छ्यौट तथा कारवाहीको प्रक्रिया शुरु गरिएको ।
- चालु आ.व.को बजेट कार्यान्वयनका लागि आवश्यक मापदण्ड तथा नर्मस स्वीकृत भएको।

## मन्त्रालय मातहत कृषि ज्ञान केन्द्रहरुबाट विभिन्न कृषि विकास कार्यक्रमको कार्यान्वयन अवस्था

| कार्यक्रम/आयोजना | ईकाई | लक्ष्य | बजेट रु. (हजारमा) | प्रस्ताव दर्ता संख्या | स्थलगत प्रमाणिकरणसंख्या | छनोट भएको संख्या | सम्झौता भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १०६ | ३१२०० | ४३७ | ३७८ | ३८ | ९ |
| मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ४१ | १२३०० | १३२ | १०७ | १० | ५ |
| चैते धान बिशेष सहयोग कार्यक्रम | हेक्टर | ३०० | ४२५० | ३१ | ५ | | |
| गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधारकार्यक्रम | संख्या | ९३ | ७००० | ७२ | ५१ | २ | ० |
| रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदोफापर जौ आदि) | हेक्टर | २४ | ६६०० | ८७ | ८२ | ११ | २ |
| महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षितकार्यक्रम | संख्या | १३० | १३००० | २२४ | १९८ | २४ | ८ |
| युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | ४६० | ४६००० | ९३४ | ८०७ | १०० | ४० |
| मागमा आधारित कार्यक्रम | संख्या | ३११ | ३४००० | ९२४ | ६३४ | ४४ | २० |
| कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | संख्या | ५ | ३८०० | २५ | १५ | | |
| वीउ प्रशोधन पूर्वधार/वीउ भण्डारण गृह निर्माण | संख्या | २ | ७००० | ७ | ७ | | |
| जुट खेति प्रवर्द्धन कार्यक्रम | संख्या | ३० | १५०० | ४६ | २४ | | |
| पुष्प खेतीका लागि नर्सरी स्थापना | संख्या | ६ | ६९०० | १५ | ११ | | |
| खाद्यन्न भण्डारण गृह निर्माण | संख्या | १ | ३५०० | १८ | १८ | | |
| आलुभण्डारकालागी रष्टिकस्टोर निर्माण | संख्या | २ | १००० | ५ | ५ | | |
| सुन्तलाजात बगैचा व्यवस्थापन सुदृढिकरण कार्यक्रम | संख्या | ४२ | ३७०० | ५४ | ३१ | | |
| अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | ७ | ४४०० | ३८ | ३० | | |
| मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | ६९० | १९५२० | ६९ | ६० | | |
| कफीखेती विस्तार कार्यक्रम | संख्या | २४ | ५००० | ५२ | ५२ | ९ | ० |
| अलैची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोगकार्यक्रम | संख्या | ४ | ४०० | ९ | ७ | | |
| प्याज तथा लसुन उत्पादन कार्यक्रम | संख्या | ३ | ४५० | ९ | ८ | १ | ० |
| मकैको उन्नत बीउ उत्पादन कार्यक्रम | संख्या | ३ | ४५० | २ | ० | | |
| सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्रउपकरणसहयोग | संख्या | २ | ४००० | ८ | ८ | | |

| कार्यक्रम/आयोजना | ईकाई | लक्ष्य | बजेट रु. (हजारमा) | प्रस्ताव दर्ता संख्या | स्थलगत प्रमाणिकरणसंख्या | छनोट भएको संख्या | सम्झौता भएको संख्या |
|---|---|---|---|---|---|---|---|
| व्यावसायिक केरा खेतिकका लागि ढुवानी साधनमा सहयोग | संख्या | १ | १५०० | ३ | ३ | | |
| मध्य लोकमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ३ | ३०० | ६ | ६ | | |
| बीउ विजन आत्मानिर्भर कार्यक्रम(धान मकै गहुँ) | हेक्टर | १ | २४८ | ० | ० | | |
| अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | २ | २०० | ५ | ५ | | |
| हाईब्रिड मकै खेति विस्तार आयोजना(क्षेत्रविस्तार) | हेक्टर | ४०० | ६००० | १५१ | ० | | |
| किबीखेती प्रवर्द्धन कार्यक्रम | | ५ | २५०० | १५ | ११ | | |
| निर्मितहाईटेक नर्सरीहरुको स्तरोन्ति सहयोग | संख्या | ८ | २९५० | २१ | २१ | ८ | ८ |
| अदुवाउत्पादन प्रवर्द्धन कार्यक्रम | | २ | १४०० | ९ | ९ | | |
| कुलबुट खरिद तथा जडानमा सहयोग | संख्या | ३ | १५०० | ५ | ५ | ३ | ३ |
| एभोकार्डो खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | ९०० | १९ | १९ | | |

## मन्त्रालय मातहत भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट सञ्चालित विभिन्न पशुपन्छी विकास कार्यक्रमको कार्यान्वयन अवस्था

| कार्यक्रम/आयोजना | इकाई | लक्ष्य | बजेट (रु. हजारमा) | दर्ता भएका प्रस्ताव संख्या | स्थलगत प्रमाणिकरण भएका | छनौट भएका संख्या | सम्झौता भएका संख्या |
|---|---|---|---|---|---|---|---|
| दुध उत्पादनका आधारमा अनुदान | पटक | १० | ११५४०० | १८० | १५१ | ७६ | ० |
| कृषि/पशु सहकारी संस्थाहरुसंगको सहार्यमा व्यबसायिक पशु पालनकार्यक्रम | पटक/संख्या | १० | २६००० | ३५ | ३१ | | |
| बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम (मासुमा अत्मनिर्भरकार्यक्रम अन्तर्गत) | संख्या | ४ | १२५०० | १३ | १३ | १ | ० |
| अण्डामा आत्मनिर्भर तथा पारिवारस्तरिय पोषण सुरक्षाको लागी ग्रामिणकुखुरा प्रवर्दन कार्यक्रम | संख्या | ४ | १९०० | ४ | ४ | | |
| व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम | संख्या | ६ | १२२०० | ३० | २६ | | |
| याक चौरी विकास कार्यक्रम | संख्या | ३ | ४२०० | ६ | ३ | | |
| भेडा विकास कार्क्रम | संख्या | २ | २००० | १ | १ | | |
| टि एम आर मेशिन खरीद | संख्या | ४ | ६४०० | १० | १० | ४ | ० |
| मिल्किङ मेशिनमा अनुदान(पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम) | संख्या | ५ | १२५० | १० | १० | ४ | ० |

| कार्यक्रम/आयोजना | इकाई | लक्ष्य | बजेट (रु. हजारमा) | दर्ता भएका प्रस्ताव संख्या | स्थलगत प्रमाणिकरण भएका | छनौट भएका संख्या | सम्झौता भएका संख्या |
|---|---|---|---|---|---|---|---|
| मिल्किङ पार्लरको स्थापनामा ७५% अनुदान(पशुपन्छी व्यवसायप्रवर्द्धन कार्यक्रम) | संख्या | २ | ५००० | ५ | ५ | २ | ० |
| मागमा आधारित कार्यक्रम | संख्या | १६ | २१०० | ५३ | ५३ | १२ | ० |
| निजी पाराभेट/पशु चिकित्सक लाई कृत्रिम गर्भाधान र पशु उपचारकोलागि उपकरण खरीदमा सहयोग | संख्या | ११ | १५७० | ३७ | ३७ | ३१ | ० |
| सहकार्यमा बाछी हुर्काएर गाई श्रोत केन्द्र स्थापना | संख्या | ४० | १६०० | १ | १ | | |
| सहकारी/समिति/संस्था/कम्पनीको सहकार्यमा पशुपन्छी रोग अन्वेषणप्रयोगशाला/उपचार केन्द्र स्थापना | संख्या | १ | ७०० | २ | २ | १ | ० |
| १००० लिटरको चिलिङ्ग भ्याट जेनेटर सहितमा अनुदान | संख्या | २ | १८५० | ९ | ४ | | |
| ५००लिटर क्षमताको चिलिंगभ्याट स्थापना | संख्या | ४ | १६०० | ११ | ११ | | |
| मासुपसल सुधार निर्माण | संख्या | ४ | ८०० | २५ | २४ | | |
| युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | १२९ | २०१०० | ४२३ | ४०१ | १२ | ० |
| प्रजनन योग्य राँगो वितरण | संख्या | १२ | ७७६ | २८ | २२ | | |
| प्रजनन योग्य साढे वितरण | संख्या | ४ | ३७६ | ४ | ४ | | |
| प्रजनन योग्य थुमा वितरण | संख्या | १४ | ३४० | ११ | ९ | | |
| याक/नाक वितरण कार्यक्रम | संख्या | ३ | १८० | ४ | ४ | | |
| डेरी पसल सुधार(पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम) | संख्या | ४ | ८०० | ७ | ७ | | |
| पशुपन्छी क्षेत्रमा प्राकृतिक विपद/माहामारी पिडितलाई पशुपालनमाअनुदान | पटक | ० | ० | ० | ० | | |
| साइलेज उत्पादनमा पूर्वाधार निर्माण | पटक | १ | ८०० | ४ | ० | | |
| च्याफकटर वितरण (मोटर सहित) | संख्या | ९२ | ३१६० | १५१ | ९९ | ९ | ० |
| अनुदानमा आल्मुनियम क्यान वितरण | संख्या | १० | १०० | २ | १ | | |
| वातावरणसंरक्षण एवं पोषण सुधारको लागि करेसा पोखरी निर्माण | पटक | १४ | २८० | २४ | २१ | | |
| मत्स्य नर्सरी निर्माण तथा व्यवस्थापन कार्यक्रम | पटक | १२ | ४५०० | ३० | २९ | २ | ० |
| माछा पोखरी क्षेत्र बिस्तार | हेक्टर | ११ | ५५०० | ४२ | ४२ | ९ | ० |
| मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम | पटक | ५ | २५०० | १८ | १८ | १ | ० |
| मत्स्ययान्त्रीकिकरणमा अनुदान सहयोग(मत्स्य विकास प्रवर्द्धन कार्यक्रम) | संख्या | १८ | १४५० | १६ | १६ | ३ | ० |

| कार्यक्रम/आयोजना | इकाई | लक्ष्य | बजेट (रु. हजारमा) | दर्ता भएका प्रस्ताव संख्या | स्थलगत प्रमाणिकरण भएका | छनौट भएका संख्या | सम्झौता भएका संख्या |
|---|---|---|---|---|---|---|---|
| माछापालन गर्ने किसानलाई सौर्य बोरिङ्ग जडानमा अनुदान सहयोग | संख्या | ६ | १८०० | १७ | १७ | ३ | ० |

## ७.१.३ पर्यटन, वन तथा वातावरण मन्त्रालय

**हालसम्मका प्रमुख उपलब्धीहरु**

- उद्योग/आयोजना/प्रस्ताव कार्यान्वयनका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत संख्या १९ वटा ।
- उद्योग/आयोजना/प्रस्तावहरुको IEE प्रतिवेदन कार्यान्वयनका लागि TOR (कार्यसूची) स्वीकृत संख्या २५ वटा ।
- भू तथा जलाधार आयोजनातर्फका १०८ वटा कार्यक्रमहरु मध्ये उपभोक्ता समितिहरुसंगको साझेदारीमा ४० वटा सम्पन्न, ६८ वटा कार्यक्रमहरुको लगत इस्टिमेट तयार भई कार्यान्वय अवस्थामा रहेको ।(८० प्रतिशत प्रदेश सरकार र २० प्रतिशत जनश्रमदान) ।
- मानव-हात्ती द्वन्द्व व्यवस्थापनका लागि अति प्रभावित क्षेत्रहरुमा पूर्व सूचना तथा व्यक्तिगत सुरक्षा प्रदान गर्न प्रभावित क्षेत्रहरु मध्ये उदयपुरमा २, सुनसरीमा ३, मोरङ्गमा १, र झापामा ३ गरी ९ वटा साइरनको व्यवस्थापन गरिएको ।
- मानव-हात्ती द्वन्द्व न्युनीकरणकालागि स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा विज्ञहरुसंग बैठक, छलफल आयोजना भएको तथा मानव-हात्ती हात्ती द्वन्द्व न्युनीकरणकालागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएको ।
- भारतबाट नेपाल प्रवेश गरी पश्चिम तर्फ आउने हात्तीहरु यस प्रदेश नाघी झन पश्चिम जाने परापुर्वकाल देखिको कोरिडोर रहेको भन्ने विज्ञ राय बमोजिम कुन कुन बाटो भई कति क्षेत्र ओगटी जाने र फर्किने एकिन गरी मानव-हात्ती द्न्द्व न्युनीकरण गर्न ती बाटा र क्षेत्रहरु पहिचान गर्न फिल्ड स्तरमा कार्य अगाड बढाउने गतिविधी सञ्चान भईरहेको ।
- पर्यटन प्रवर्द्धन तथा विकास आयोजना तर्फ १९९ आयोजनाहरु मध्ये १२२ वटा आयोजनाहरुको सर्भे सम्पन्न, ९१ वटा आयोजनाहरुको लागत अनुमान तयारी तथा स्वीकृत र ३४ वटा आयोजनाको वोलपत्र आव्हान गरिएको ।
- प्रादेशिक पर्यटकीय गुरुयोजना निर्माणकव कार्य अगाडी बढाइएको । ३ वटा प्रदेशस्तरीय पर्यटकीय मेला महोत्सव र सम्मेलनका लागि सहयोग गरिएको ।२ वटा होमस्टे तथा ४ वटा ट्राभेल एण्ड ट्रेकिङ कम्पनीहरु नविकरण भएको । ३ वटा होमस्टे तथा २ वटा ट्राभेल एण्ड ट्रेकिङ कम्पनीहरु दर्ता भएको ।८ वटा होमस्टे तथा ४ वटा ट्राभेल एण्ड ट्रेकिङ कम्पनीहरुको अनुगमन सम्पन्न भएको।
- समुदायमा आधारित वन व्यवस्थापनबाट ६०६१९५ क्युविक फिट, सरकारद्वारा व्यवस्थित वनबाट २७००१ क्यविक फिट, निजी वनबाट १०८१५९८९ क्युविक फिट काठ तथा ११२२ चट्टा उत्पादन तथा बजारीकरण भई २ करोड ८५ लाख राजश्व, ३६ करोड ९७ लाख ९७ हजार मूल्य अभिवृद्धि कर तथा ३ करोड ९ लाख प्रदेश सेवाशूल्क संकलन भएको ।
- समुदायमा आधारित वन व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वन तथा निजी वनबाट २४ लाख ७२ हजार के.जि. जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावार उत्पादन तथा बजारीकरी भई १६ लाख पचास हजार राजश्व संकलन ।

- विभिन्न आयोजना परियोजना सञ्चालनका लागि वन क्षेत्र प्रदान गर्न दिए वापत ४ करोड ७६ लाख राजश्व संकलन ।
- होमस्टे, ट्राभेल एण्ड ट्रेकिङ कम्पनी दर्ता/नविकरणबाट रु १ लाख ३५ हजार २ सय पचास राजश्व प्राप्त भएको ।
- विरुवा उत्पादन कार्यकालागि ४० वटा वन नर्सरीहरु मर्मत सम्भार तथा ३ वटा नयाँ नर्सरीहरु स्थापना भएको ।
- १० लाख २४ हजार वन, जडिबुटी तथा फलफुलका विरुवाहरु उत्पादन कार्य जारीरहेको । १ हेक्टर क्षेत्रमा वृक्षारोपण कार्य सम्पन्न भएको ।
- १ हेक्टर अतिक्रमित क्षेत्र पुनर्स्थापना गरी व्यवस्थापन गरिएको ।
- १ वटा जडिबुटीमा आधारित उद्यम विकास भएको । २ वटा सिमसार क्षेत्र व्यवस्थापन भएको ।
- १ वटा नयाँ सामुदायिक वन उपभोक्त समूह गठन भएको । ४२ वटा सामुदायिक वन तथा १६ वटा कबुलियति वनहरुको कार्ययोजना नविकरण भएको ।
- प्रदेशमा उत्पादन हुने नरम प्रजातीका रुखहरुका गोलियाहरु भेनियर तथा प्लाइवुड उत्पादनमा खपत भई व्यापारमा प्रयोगमा नआउने सोही रुखहरुका lops and tops (टुप्पाटुपी) प्रयोग गरि उच्च गुणस्तरका फोटफकपी तथा प्रिन्टिङ पेपर उत्पादन गर्नका लागि निजी क्षेत्रसंगको सहकार्यमा करिव रु ४ अर्व लगानीमा पेपर एण्ड पल्प उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाइएको छ।
- यस मन्त्रालय तथा मातहतका निकायहरुको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालु खर्च शीर्षक तर्फ २९.७३ प्रतिशत र पुँजीगत खर्च तर्फ ५.६३ प्रतिशत गरी कुल जम्मा १६.९२ प्रतिशत वित्तीय प्रगति रहेको छ ।

## ७.२ भौतिक पूर्वाधार

### ७.२.१ भौतिक पूर्वाधार विकास मन्त्रालय

**सम्पादित मुख्य मुख्य कामहरु**

कुल बजेटः १२ अरब ६४ करोड ९८ लाख

बहुबर्षिय सडक-६९ वटा + RCIP

बहुबर्षिय सडक पुल-१८५ वटा (प्रदेश १०५, संघ ३०)-नयाँ ५५

झोलुङ्गे पुल

गैर अवसीय भवन निर्माण-२२

अन्य पूर्वाधारहरु निर्माण

नीतिगत तथा कानुनी प्रवन्ध अन्तर्गत

- प्रादेशिक लोकमार्ग र प्रादेशिक सडक हरुको संजाल अन्तर्गत रहने सडकहरु निक्यौल गर्न कार्य अन्तिम चरणमा रहेको
- प्रदेश भवन एन २०७६ को संसोधन गर्ने विधयेक तयार गरिएको
- बजेट निर्माण तथा आयोजना छनौट तथा कार्यन्वयन गर्न तथा स्थानीय तह संग साझेदारी लाईअझै प्रभावकारी बनाउन
- राष्ट्रिय भवन संहिता पालनाको लागि कार्यविधि,
- एकिकृत वस्ती पूर्वाधार निर्माण कार्यविधि,

- एकिकृत फोहरमैला व्यवस्थापन कार्य विधि,
- सामुदायिक भवन/मठ मन्दिर निर्माण कार्य विधि,
- विपन्न व्यक्तिको आवास निर्माणलाई सहजताको लागि आवास निर्माण कार्यविधिहरु तयार गरी स्वीकृतको चरणमा रहेको

भौतिक कार्य अन्तर्गत

- प्रतिस्थापन बजेटमा समाबेश भएको बाढीले क्षतिग्रत् भएको ४ वटा पुलको को DPR तयार भएको।
- बाढी जन्य विपतको प्रतिकार्यको तयारी स्वरूप २ वटा Bailey Bridge को ठेक्कापट्टाको प्रक्रियामा रहेको
- सडक सुरक्षा कार्यक्रम अन्तर्गत सिधुवा सुक्रवारे सडक, मा अन्तर्गत कार्य गरिएको
- बाढीले क्षतिग्रस्त झुलुंगे पुलहरुको मर्मत कार्य अन्तर्गत पुलमा मर्मत कार्य शुरु गरिएको छ भन्ने अन्यको मर्मत कार्य शुरु हुने अवस्थामा रहेको
- बहुबर्षीय ठेक्काहरु सहित का अन्य ठेक्कहरुको अवस्था अनुगमन गर्ने Contract Management System तयारी अन्तिम चरणमा रहेको
- ३ वटा पुलहरु निर्माण सम्पन्न गरिएको
- ४९.५ कि.मी. सडक कालोपत्रे स्तरमा निर्माण गरिएको
- इलाममा सरकारीस्तरबाट पहिलोपल्ट बहु तल्ले Buspark सहित निर्माण सम्पन्न हुने अवस्थामा ।
- सामुदायिक भवन १२ वटा सम्पन्न ।
- TBSU र LRBP को प्राविधिक सहयोगमा क्रमश स्थानीय तह र मन्त्रालय अन्तर्गतको Engineer and Sub Engineer को लागि क्षमता विकासको लागि तालिम सम्पन्न् गरिएको।

### ७.२.२ खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय

सम्पादित कार्यहरु

क) उर्जा विकास तर्फ

- विधुतीय चार्जिङ्ग स्टेशन निर्माण ३ वटा

ख)सिंचाइ तथा तटबन्ध तर्फ

- नया सिंचाइ क्षेत्र विस्तार २७० हेक्टर
- सिंचाइ क्षेत्र पनस्थापना कार्य ३४१ हेक्टर
- नदि नियन्त्रण ३.५० किमि
- जग्गा उकास/संरक्षण २० हेक्टर

ग) खानेपानी तथा सरसफाई तर्फ

- आधारभूत खानेपानीबाट लाभान्वित जनसंख्या (%): ८७.८६
- शुद्ध खानेपानी पुगेको घरपरिवार (%): ४६.०८
- आधारभूत सरसफाईबाट लाभान्वित जनसंख्या (%): ९७.४२

## ७.३ सामाजिक विकास

### ७.३.१ सामाजिक विकास मन्त्रालय

**सम्पादित मुख्य कार्यहरुः-**

- बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भइ सोको कार्यक्रम कार्यान्वयन मार्गदर्शन समेत स्वीकृत गरिएको ।
- कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना निर्माण गरी सम्बन्धित निकायमा पठाइएको ।
- संस्थागत अभिलेखीकरण सुदृढ बनाउँदै लगिएको ।
- खेलकूद सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न प्रदेश खेलकूद विकास बोर्डमा बजेट तथा अख्तियारी पठाइएको ।
- शिक्षा तालिम केन्द्रबाट तालिम कार्यक्रम सञ्चालन र प्राविधिक सहयोग प्रदान ।
- कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८० स्वीकृतिकालागि प्रदेश सरकार, मन्त्रिपरिषदमा पठाईएको ।
- ज्येष्ठ नागरिक दिवशको अवसरमा कार्यक्रम सञ्चालन गर्नकालागि कोशी प्रदेश ज्येष्ठ नागरिक महासंघ , विराटनगर र ज्येष्ठ नागरिक प्रदेश समिति लाई कार्यक्रम सञ्चालन गर्नलाई अनुदान दिईएको ।
- ब्रेल दिवश को अवसरमा नेपाल नेत्रहीनसंघ कोशी प्रदेश, बेलबारीलाई कोशी प्रदेशस्तरीय ब्रेल लेखन प्रतियोगिता सञ्चालन अनुदान उपलब्ध गराईएको ।
- अपाङ्गता दिवशको अवसरमा अपाङ्गता भएका व्यक्तिहरुको अवरोध पहिचानकालागि एकल सोलो नाटक प्रर्दशनी गर्नका लागि राष्ट्रीय अपाङ्ग महासंघ, कोशी प्रदेशलाई अनुदान उपलब्ध गराईएको ।
- वित्त हस्तान्तरण मार्फत स्थानीय तहबाट गरिने कार्यक्रमको मार्गदर्शन स्वीकृत भई सम्बन्धित स्थानीय तहमा पठाईएको ।
- अपाङ्गता सहायता कक्षबाट निरन्तर रुपमा आईरहने अपाङ्गता भएका व्यक्तीहरुलाई समन्वय र सहयोग गर्ने गरेको ।
- सामाजिक विकास संस्थाहरुसंगको साझेदारीमा लैङ्गिक अभियान तथा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत भएको।
- एकल महिला उधमशिलता मार्गदर्शन २०८० स्वीकृत भएको ।
- विपन्न, दलित, जनजाती र सिमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (संचालन) मार्गदर्शन २०८० स्वीकृत भएको ।
- लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानमा कार्यक्रम सञ्चालन गर्न कोशी प्रदेश स्तरीय महिलाबादी महिला मञ्च र मानव अधिकार सञ्जाल लाई दिने निर्णय भएको ।
- दीर्घकालीन पुनःस्थापना गृहमा संरक्षित रहेका १९ जना पीडित र ४ जना बालबालिकाहरुलाई सेवा दिईरहेको छ भने यस अवधीमा २ जानालाई परीवारमा पुनःस्थापना गरिएको छ भने २ जना पीडितहरु थप भएका छन् ।
- वित्त हस्तान्तरण मार्फत स्थानीय तहबाट गरिने कार्यक्रमको मार्गदर्शन स्वीकृत भई सम्बन्धित स्थानीय तहमा पठाईएको ।

### ७.३.२ स्वास्थ्य मन्त्रालय

**सम्पादित कामहरुको मुख्य मुख्य विवरणहरु**

- प्रदेशका दश वर्ष मुनिका बालबालिकाहरुको निःशुल्क विशेषज्ञ चिकित्सकीय सेवा प्रदान गर्न मन्त्रिपरिषद्बाट कार्यविधी स्वीकृत भइ तोकिएका अस्पतालहरुसँग सम्झौता गरी कार्यान्वयन भैरहेको।

- प्रदेश अन्तर्गतका अस्पतालहरुमा दरबन्दी रिक्त रहेका विशेषज्ञ चिकित्सकहरुको कर्मचारी करार कार्यविधी २०७९ वमोजिम मन्त्रालयबाट पदपूर्तिभएको।(बाल रोग विशेषज्ञ-२जना, फिजिसियन-१जना, एम.डि.जी.पी-१ जना) थप ८ जनाको पदपूर्ति प्रकृयामा रहेको।
- साविकको संक्रामक रोग तथा सघन उपचार केन्द्र, बिराटनगरलाई शैलजा आचार्य हृदयरोग केन्द्रका रुपमा विकास गरी सेवा सञ्चालन भैरहेको।
- सुनसरी जिल्लामा प्रदेशस्तरीय जलन उपचार केन्द्र (Burn management Hospital) संचालनार्थ साझेदार संस्थालाई अनुदान प्रदान गर्न कार्यसम्झौता (MOU) गरिएको।
- प्रदेश सरकारबाट जारी भएको आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७९ वमोजिम स्वास्थ्य मन्त्रालयमा प्राप्त आवेदनका आधारमा चालु आ.व. मा ४७८ जना कडा रोगीलाई सहायता रकम प्रदान गरिएको।

- प्रदेश अन्तर्गतका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा क्रमशः न्यूनतम सेवा मापदण्ड कार्यक्रम (Minimum Service Standards) लागू गरि सेवाको तत्परता तथा गुणस्तर मापनको कार्य गरिएको।
- प्रदेशमा सेवारत सम्पूर्ण महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि जिल्लास्थित स्वास्थ्य कार्यालयहरु मार्फत जनही रु. ५००० रकम प्रोत्साहन स्वरुप प्रदान भैरहेको।
- जिल्लास्थित स्वास्थ्यकार्यालयहरुमार्फत स्थानीय तहसंगको सहकार्यमा नियमित खोप सेवा, परिवार नियोजन सेवा तथा कार्यक्रम लागू भएका जिल्लाहरुमा समुदायमा आधारित नसर्ने रोग कार्यक्रम सञ्चालनमा रहेको।
- प्रदेश स्वास्थ्य तालीम केन्द्र, धनकुटाबाट महिला प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सुरक्षित गर्भपतन, Rural USG, VIA तालीम साथै बाल स्वास्थ्यसँग सम्बन्धित CBIMNCI तालिम संचालन भएको।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट ल्याव कर्मचारीहरुका लागि एच.आइ.भी सम्बन्धी तालिम, औलो रोग सम्बन्धी प्रयोगशालाकर्मीहरुको माइक्रोस्कोपी आधारभूत तालिम संचालन भएको।

## ७.५ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन

### ७.५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**सम्पादन भएका मुख्य मुख्य कार्यहरुः**

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजना तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को व्यवस्थापनमा कार्य विस्तृतीकरणका सम्बन्धमा सरोकार वाला निकायहरुसँग अन्तरक्रिया तथा छलफल सम्बन्धी वृहत कार्यक्रम सम्पन्न भएको छ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको संयुक्त आयोजना भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस कार्यक्रम सम्पन्न गरिएको छ।
- कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) को विभिन्न बैठकको व्यवस्थापन सम्बन्धी कार्य सम्पादन भएको छ।
- यस अवधिमा प्रदेश सचिव बैठकको व्यवस्थापन सम्बन्धी कार्य सम्पादन भएको छ।
- प्रदेश सरकारको वार्षिक प्रतिवेदन तयारी तथा मन्त्रिपरिषद् बाट स्वीकृत गरिएको छ।
- प्रदेश सुशासन ऐन, २०७६ को दफा २२(२) वमोजिम मन्त्रालय मा वहाल रहेका कर्मचारीहरुले पालन गर्नु पर्ने कर्तव्यको प्रकृतिलाई विचार गरी कर्मचारीले पालन गर्नु पर्ने पदीय वा पेशागत आचार संहिता स्वीकृत गरी लागू गरिएको छ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान तथा आवश्यक कार्यार्थ आएका विषयहरुको छानविन गरी अवश्यक कारवाही तथा प्रतिवेदन पठाउने कार्य सम्पादन भएका छन्।
- सुशासन कायम तथा प्रर्बद्धनको लागि (कर्मचारीको कार्यविवरण, आचारसहिता, नागरिक वडापत्र, शासकीय सुधार एकाई गठन, सार्वजनिक सुनुवाई, प्रवक्ता, गुनासो व्यवस्थापन, अनुगमन मूल्याङ्कन, स्वतः प्रकाशन, वेवसाईट, महसुल, लिलाम, सरकारी जग्गा) १३ वटा विषय क्षेत्रमा सम्बन्धित सवै मन्त्रालय तथा निकायले कार्यान्वियन गर्ने गराउने व्यवस्थाका लागि कार्य सम्पादन गरिएको छ।
- आ.ब. २०८०/०८१ को बजेट कार्यान्वयनका लागि बजेट कार्यान्वयन कार्ययोजना तयारी गरिएको छ। कार्ययोजना बमोजिमका कार्यक्रमहरू सञ्चालनार्थ अघि वढाइएको छ।
- PIS सम्बन्धी अभिमुखिकरण कार्य सम्पन्न गरिएको छ।
- PFM सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।
- स्थानीय तहहरुको लागि नमूना कानून निर्माण (SOP) सम्झौता भएको छ।
- यस वर्ष संचालन हुने विभिन्न कार्यक्रमहरुको EOI सूचना प्रकाशन EOI मा उत्तिर्ण फर्महरुसंग RFP माग भएको छ।
  - क) GESI Audit Portal निर्माण गरी GESI Audit संचालन।
  - ख) कोशी प्रदेशको लागि क्षमता विकास योजना (CD Plan)
  - ग) PLGSP ले हालसम्म सम्पादन गरेका प्रमुख कार्यहरुको डकुमेण्टरी निर्माण तथा सफलताका कथा लेखन।

### ७.५.२ कोशी प्रदेश सभा सचिवालय

सम्पादित मुख्य मुख्य कामहरु

१. न्याय प्रशासन तथा विधायन समितिको बैठक बसेको संख्या १३+२
२. सुशासन तथा योजना समितिको बैठक बसेको संख्या ९+३
३. अर्थ समितिको बैठक बसेको संख्या २+४
४. सार्वजनिक लेखा समितिको बैठक बसेको संख्या १८+२
५. सामाजिक विकास समितिको बैठक संख्या ६+२
६. उद्योग, पर्यटन तथा वातावरण समिति ५+१
७. प्राकृतिक श्रोत तथा पूर्वाधार समिति ६+१

पहिलो अर्धवार्षिक अवधिमा प्रदेश सभाबाट परित भएका विधेयकहरु

१. प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७९
२. केही प्रदेश ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७९
३. प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको विधेयक, २०७९
४. प्रदेश निजामति सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक
५. स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
६. कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी विधेयक, २०८०
७. कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको विधेयक
८. आ.व. ०८०/०८१ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केहि रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

### ७.५.३ आन्तरिक मामिला तथा कानून मन्त्रालय

मुख्य मुख्य सम्पादित कामको विवरण

- सडक सुरक्षाको लागि सवारी चालकहरुमा लागू औषध प्रयोग परीक्षण कीट खरिद गरी कार्यक्रम शुरुवात भएको।
- सवारीको प्रदुषण जाँचको लागि प्रदुषण परीक्षण यन्त्र खरिद गरिएको।
- सवारी चालक अनुमतिपत्रको अस्थायी कार्ड तथा प्रिन्टर खरिदको लागि विद्युतीय वोलपत्र आह्वान गरिएको।
- सवारीको तीव्र गति मापन गर्ने यन्त्र रडार गनको खरिद प्रकृया अगाडि बढेको।
- उदयपुर र ओखलढुङ्गा जिल्लामा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको।
- पाँचथर, भोजपुर, इलाम, झापा, ताप्लेजुङ्ग जिल्लामा प्रदेश साझेदारी ३० प्रतिशत लागत सहभागिता आवास तथा पुनः निर्माण सहयोग वापत रु ६१,९५,०००।– सहयोग प्रदान गरिएको।
- विपद्सँग सम्बन्धित प्रकोप जोखिम क्षेत्रको नक्साङ्कन अन्तरक्रिया १४ वटै जिल्लामा सम्पन्न भएको।
- विपद् सामाग्री खरिदको टेण्डर प्रकृया अगाडि बढेको।
- विपद् संकट व्यवस्थापन कार्यक्रम अन्तर्गत शितलहर प्रभावित जिल्लाहरुमा अत्यावश्यक सामाग्रीहरु खरिद गरी वितरण गरिएको।
- पाँच वटा विद्यालयहरुमा कानूनी शिक्षा, सचेतना, कार्यक्रम तथा मानव बेचविखन विरुद्धको सचेतना कार्यक्रम सम्पन्न भएको।

### ७.५.४ प्रदेश लोक सेवा आयोग

सम्पादन भएका मुख्य मुख्य कामहरु

- आयोगले मिति २०८०/१०/०९ गते चौथो वार्षिक उत्सवमा वार्षिक प्रगती प्रतिवेदन र स्मारिका पुस्तिका प्रकाशन।
- आयोगले प्रतिक चिन्ह(LOGO) तयार गरी प्रयोगमा ल्याएको।
- आयोगले पदपुर्ति गर्दा नेपाल सरकारले अवलम्बन गरेको समावेशीताको सिद्धान्तलाई अक्षरस पालन गरेको।
- प्रदेश सरकारबाट प्राप्त मागको आधारमा प्रकाशन तथा प्राविधिक सेवा तर्फका अधिकृतस्तरका पदका लागि लिखित परीक्षा तालिका प्रकाशन।
- अधिकृतस्तर सातौ तहमा जेष्ठता तथा कार्यसम्पादनको मुल्याङ्कन र कार्य क्षमताको मुल्याङ्कनद्वारा हुने बढुवाको दरखास्त फारम दर्ता भएको।
- कोशी प्रदेश अन्तर्गतका स्थानिय तहबाट पदपुर्तिका लागि माग भई आए बमोजिम प्राविधिक तर्फ ६२८ जना र अप्राविधिक तर्फ ६० जना समेत जम्मा ६८८ जना सिफारिस गरिएको।
- प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका लागि विभिन्न सेवा समूह तथा तहका लागि जम्मा ७७ वटा पाठ्यक्रम निर्माण गरिएको।

### ७.५.५ प्रदेश योजना आयोग

**सम्पादित मुख्य मुख्य कामहरु**

- कोशी प्रदेशको प्रथम आवधिक योजना समिक्षा
- कोशी प्रदेशको पार्श्वचित्र अध्यावधिक
- कोशी प्रदेशको प्रथम आवधिक योजनाको अवधारणा पत्र तयारी
- कोशी प्रदेशको अनुगमन मूल्याङ्कन दिग्दर्शन मस्यौदा तयारी
- आयोजना बैंक सञ्चालन सम्बन्धी कार्य
- बहुक्षेत्रीय पोषण सम्बन्धी कार्य

### ७.५.६ मुख्य न्यायाधिवक्ताको कार्यालय

**मुख्य मुख्य सम्पादित कामहरु**

- समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम सम्पन्न २ पटक
- अन्तर प्रदेश अनुभव आदन प्रदान सम्पन्न - १
- जम्मा मुद्दा दर्ता संख्याः १६६
- फछ्यौंट मुद्दा संख्याः ५
- चालु अवस्थामा रहेका मुद्दा संख्याः १६२

**मुद्दा सम्बन्धी विवरण :**

- सर्वोच्च अदालत, काठमाण्डौमा दायर भएका मुद्दा संख्या : ८०
- प्रशासकीय अदालत,काठमाण्डौमा दायर भएका मुद्दा संख्या :४
- उच्च अदालत पाटनमा दायर भएका मुद्दा संख्या :६
- उच्च अदालत विराटनगरमा दायर भएका मुद्दा संख्या :६६
- उच्च अदालत विराटनगर, इलाम इजलासमा दायर भएका मुद्दा संख्याः ३
- उच्च अदालत विराटनगर, धनकुटा इजलासमा दायर भएका मुद्दा संख्या :३
- उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगामा दायर भएका मुद्दा : ३
- काठमाण्डौ जिल्ला अदालतमा दायर भएका मुद्दा संख्या- १
- मोरंग जिल्ला अदालतमा दायर भएका मुद्दा संख्या- १

## परिच्छेद- आठ :
## बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु

- बहुवर्षीय आयोजनामा पर्याप्त विनियोजन नभएको। सम्पन्न आयोजनाको दायित्व भुक्तानीमा बजेट अपुग भएको।
- विनियोजन भन्दा बढीको दायित्व सृजना हुने गरी ठेक्का प्रकृया अगाडि बढाउने प्रवृत्ति देखिएको।
- बजेट कार्यान्वयन गर्न पर्याप्त जनशक्तिको अभावमा कतिपय आयोजनाको निर्माण कार्य समयमै हुन नसकेको।
- निर्माणाधिन आयोजनाहरु समयमै सम्पन्न नभई ढिलासुस्ति भइरहेको।
- आन्तरिक नियन्त्रण प्रणाली र अनुगमन मूल्याङ्कन प्रभावकारी हुन नसकेको।
- आयोजनाको कन्टिन्जेन्सी खर्च सम्बन्धी मापदण्ड पालना नभएको। आवश्यक नपर्नेमा पनि कन्टिन्जेन्सी छुट्याई गैह्रबजेटरी खर्च गर्ने प्रवृत्ति देखिएको।

- आयोजनासंग सम्बन्धित वातावरणीय अध्ययन स्वीकृत भई केही सडक तथा पुल आयोजनाहरुमा पर्ने रुख कटानको स्वीकृति लिन लामो प्रक्रिया तथा समय धेरै लाग्ने देखिएको।
- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेशका कतिपय मन्त्रालय अन्तर्गत निकाय/कार्यालय नहुनु, मन्त्रालयमा स्थानको कमी, कतिपय पूर्वाधार निर्माण सम्बन्धी काममा समन्वय नहुनु।
- विगतका प्रभावकारी कार्यक्रमले निरन्तरता नपाउनु, माग अनुसारको क्रियाकलाप सञ्चालन गर्नका लागि पर्याप्त बजेटको व्यवस्थापन नहुनु।
- आर्थिक कार्यविधिको पालना, वित्तीय अनुशासनमा ह्रास आई बेरुजु एवं अनियमितता बढदै गइरहेको।
- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय वा संरचना स्थापना गर्ने प्रवृत्ति।
- प्रदेश अन्तर्गतका जनशक्तिबाट सम्पादन हुनसक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च हुने गरेको।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणाली प्रभावकारी नभएको र आयोजना बैंक पूर्ण रुपमा सञ्चालन हुन नसकेको।
- संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र र आयोजना बर्गिकरण मापदण्ड अनुसार आयोजना/कार्यक्रम सञ्चालन नभई कार्यमा दोहोरोपन हुने गरेको ।
- सवारी साधन उपयोगको प्रभावकारी व्यवस्थापन हुन नसकेको।
- प्रदेश सरकारको सम्पत्तिको अभिलेख र व्यवस्थापन प्रभावकारी हुन नसकेको आदि।

# परिच्छेद – नौ :
# बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य

## ९.१ बजेट तर्जुमा तथा कार्यान्वयन

- खर्च नहुने रकम, बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजित रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको बाँकी भुक्तानी व्यवस्थापनमा केन्द्रीत भएर बजेट कार्यान्वयन गर्ने गराउने।
- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- सार्वजनिक खर्चमा मितव्ययिता अबलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने ।
- आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभावकारी बनाउने ।
- आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा आयोजना छनौट प्रणाली कार्यान्वयन गर्ने र आयोजना बैंक मार्फत बजेटमा समावेश गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी बनाई वित्तीय अनुशासनलाई सबल बनाउने ।
- कार्यक्रम तथा परियोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको रिपोर्टिङलाई यथार्थ परक बनाउने।
- उच्च पदाधिकारीहरुसँग भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य भए नभएको समीक्षा/मूल्याङ्कन गर्ने ।
- आयोजनाको गुणस्तर परीक्षण गर्ने प्रणाली स्थापित गरि प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।

- संघ प्रदेश तथा स्थानिय सरकारले विकास योजनाहरुको कार्यक्षेत्र मापदण्ड अनुसारको योजना मात्र सञ्चालन गर्नुपर्ने।
- प्रदेशको सीमित स्रोत र प्रतिबद्ध दायित्व अत्यधिक रहेको विद्यमान परिस्थतिमा प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत एवम् कार्यान्वयन गर्ने।
- प्रदेशको स्रोतले प्रदेशको कार्यक्षेत्र भित्र र सिर्जित दायित्व भुक्तानीमा स्रोतले धान्न नसक्ने अवस्थामा संघले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन नगर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुमा दोहोरोपना हटाउन पर्याप्त समन्वय गर्ने।

## ९.२ स्रोत व्यवस्थापन

- बहुवर्षीय आयोजनाहरुको बाँकी दायित्व र प्रदेशको स्रोतको विश्लेषण गर्दै तिनीहरुको उचित व्यवस्थापनको रणनीति तय गर्नुपर्ने।
- संघ अनुदान माग गर्दा ठेक्का सम्झौता भईसकेका बहुवर्षीय आयोजनालाई प्राथमिकता दिई विनियोजन गर्ने।
- नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार  वा साझा अधिकार सूचिमा रहेका राजस्व संकलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने।
- प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण तथा स्रोत सुनिश्चितता नगरी बहुवर्षीय खरिद प्रक्रिया अगाडि नबढाउने।
- संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायताको निकासा वा शोधभर्ना समयमा गर्ने वातावरण बनाउने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको लागि कारोवार मूल्यको आधारमा संकलन गर्न नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोत संकलन तथा विक्रि शुल्कमा नीतिगत एवम् कानूनी सुधार गरी एकरुपता कायम गर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा विस्तार गर्ने।
- वन पैदावर बिक्रि शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने ।
- बैंङ्क तथा वित्तीय संस्था, बिमा, धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने।

## ९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

- विनियोजित बजेट भन्दा बढीको र स्वीकृत कार्यक्रम भन्दा बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।
- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- विनियोजन भन्दा बाहेक र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना दायित्व सृजना हुने गरी खर्चको प्रतिवद्धता नजनाउने वा सम्झौता नगर्ने।
- दण्ड र पुरस्कारलाई प्रभावकारी रुपमा लागू गर्ने।
- As Built Drawing पेश भएपछि, नापी किताब प्रमाणित गरेर, खरिद तथा निर्माणको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिने।

- आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।
- आयोजना कार्यान्वयन कार्ययोजना, आयोजनाको विवरण सार्वजनिक गर्ने।
- भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने।
- कार्यक्रम संशोधन, स्रोत व्यवस्था र PLMBIS प्रविष्टि स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने।
- अनुदान सहायता र मागमा आधारित कार्यक्रमलाई कार्यविधि स्वीकृत गराई खुला रुपमा सूचना आह्वान गरी कार्यान्वयन गर्ने।
- विनियोजित बजेट लक्षित उद्देश्य अनुसार कार्यान्वयन हुन नसकेमा सो को सम्बन्धित पदाधिकारीले नै जिम्मेवारी लिनुपर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने। त्रैमासिक रुपमा मन्त्रालय र मातहतको प्रगति समीक्षा गर्ने।
- तोकिएको समय (चैत्र १५ भित्र) मा खर्च नहुने सम्पूर्ण बजेट समर्पण गर्ने।
- आयोजनाको निर्माण सम्पन्न भएको पाँच वर्षसम्म निर्माण व्यवसायीले नै मर्मतसम्भार गर्नुपर्ने परिपाटीको विकास गर्ने।
- गैर बजेटरी खर्च गर्नै प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- बेरुजु न्यूनीकरण गर्ने, सो को लगत राख्ने, फस्यौंट तथा असुल उपर सम्बन्धी कार्य गर्ने गराउने।

## ९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउनः

- वार्षिक बजेट, नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागी कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रवधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेशको चालु तथा प्रशासनिक खर्च वृद्धि भईरहेको हुँदा मन्त्रालय एवम् कार्यालयहरुबाट सम्पादन हुन सक्ने कार्यको लागि छुट्टै स्वायत्त संस्था, बोर्ड, आयोग, समिति गठन वा अन्य कुनै संरचना स्थापना नगर्ने।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने
- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यालय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणालीलाई व्यवस्थित र सहभागितामूलक बनाउन स्वीकृत कार्यविधि अनुसार जिल्ला/निर्वाचनक्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने।
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिकाको पूर्णरुपमा पालना गर्ने।
- सडक क्षेत्रमा परेका रुख कटानका लागि नेपाल सरकारबाट प्रदेश सरकारमा अधिकार प्रत्यायोजित हुनुपर्ने।
- अन्तर निकाय समन्वयका लागि अन्तर निकाय, अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नु पर्ने।
- प्रदेश सरकारलाई आवश्यक ऐन तथा कानूनहरु तर्जुमा, संशोधन तथा परिमार्जन गर्ने।

- प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुको नयाँ O & M लाई अन्तिम रुप दिने।
- क्यालेण्डर बनाइ सेवा प्रवाह र विकास निर्माण कार्यको अनुगमनलाई तीब्रता दिने
- अन्तर मन्त्रालय तथा निकायहरु बीचको समन्वयलाई प्रभावकारी बनाउने।
- सवारी साधन, फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामाग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

## ९.५ सूचना प्रविधिको उपयोग, विकास

- सवारी साधन कर संकलनको लागि online service and payment system बनाउन पहल गर्नुपर्ने।
- प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न Public Asset Management System (PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने ।
- राजस्व, बजेट एवम् लेखांकन सम्बन्धी सूचना प्रणालीहरुबीच एक अर्कासँग आवद्धता कायम गर्ने।
- बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।
- प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने ।
- Project Management प्रणालीको प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने।
- प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने ।

# परिच्छेद – दश
# निष्कर्ष तथा सुझाव

कोशी प्रदेशको चालु आर्थिक वर्ष २०८०/८१ को बजेट २०८० जेठ ३२ गते अध्यादेश मार्फत जारी भएको हो । सो अध्यादेश प्रदेश सभामा पेश हुन नसक्दा २०८० भाद्र २४ गते पुनः अध्यादेश जारी जारी भई बजेट कार्यान्वयनमा रहेको थियो । अध्यादेशको बजेटलाई प्रतिस्थापन गरी २०८० मंसीर १५ गते प्रदेश विनियोजन ऐन, २०८० जारी भएपछि चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा रहेको छ। अध्यादेश मार्फत जारी भएको बजेट आर्थिक वर्षको सुरु देखि नै पूर्ण रुपमा कार्यान्वयनमा अन्यौलता हुँदा प्रगतिमा केही प्रभाव परेको देखिन्छ । गत आ.व.को अर्धवार्षिक अवधिमा वार्षिक विनियोजन २४.९ प्रतिशत खर्च भएकोमा चालु आ.व.२०८०/८१ को अर्धवार्षिक अवधिमा कोशी प्रदेशको कुल खर्च २०.७८ प्रतिशत रहेको छ । स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनबाट चालु आर्थिक वर्षमा ९०.३ प्रतिशत प्रगति हासिल हुने संशोधित अनुमान गरिएको छ ।

राजस्व संकलन र अनुदान प्राप्तिमा भने गत वर्षको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा केही वृद्धि भएको देखिन्छ । तर संघीय राजस्व संकलन लक्ष्य अनुरुप हुन नसकेकोले प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान कटौती हुनसक्ने भनी नेपाल सरकार अर्थ मन्त्रालयबाट जानकारीको पत्र समेत प्राप्त भएको छ । गत आ.व.२०७९/८० मा प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण अनुदानको चौथो किस्ताको ५०% रकम नेपाल सरकार (म.प.) को निर्णयबाट कटौती भएको थियो । चालु आ.व.मा पनि लक्ष्य अनुसार राजस्व बाँडफाँडको रकम प्राप्त नहुने र संघ अनुदान समेत कटौती भएमा प्रदेशमा खर्चको सिर्जित दायित्व भुक्तानी गर्न स्रोत व्यवस्थापनमा चुनौती हुनसक्ने देखिन्छ । यस्तै विगत देखि सञ्चालनमा रहेका प्रदेश अन्तरगत बहुवर्षीय आयोजनाहरुको आ.व.२०७९/८० सम्म भुक्तानी भई बाँकी दायित्व रु.१६ अर्ब भन्दा बढी रहेकोमा चालु आ.व.मा रु.४ अर्ब ९५ करोड मात्र विनियोजन देखिन्छ । आ.व.२०७६/७७ देखि निर्माणाधीन रहेका अधिकांश आयोजनाहरु चालु आ.व.मा सम्पन्न हुने चरणमा रहेका छन् । निर्माणाधीन तथा सम्पन्न हुने बहुवर्षीय आयोजनाहरुमा विनियोजन भएको बजेटले भुक्तानी दिन नपुग्ने भएकोले थप बजेट व्यवस्था गर्नु पर्ने हुन्छ । यस्तै संघबाट हस्तान्तरण भएका सशर्त अनुदानका कतिपय आयोजना/कार्यक्रममा एवम् सालबसाली केही आयोजना/कार्यक्रममा पनि स्रोत व्यवस्थापन नभई विनियोजन भन्दा बढीको दायित्व सृजना गर्ने गरी कार्यान्वयन गर्ने प्रवृत्तिले वित्तीय अनुशासन कायम गर्न र स्रोत व्यवस्थापनमा थप चुनौती थपिएको छ ।

यस सन्दर्भमा, फागुन मसान्तसम्म कार्यान्वयन सुरु नभएका, प्रगति न्यून रहेका आयोजना/कार्यक्रमको रकम र चालु आ.व.मा खर्च नहुने बजेट समर्पण गराउन आवश्यक रहेको छ । भौतिक प्रगति राम्रो भएका र सम्पन्न हुने आयोजनामा एवम् प्रदेश सरकारको प्राथमिकता प्राप्त कार्यक्रममा अपुग बजेटका लागि सञ्चित कोषको अवस्था हेरी दायित्व सृजना भईसकेकोमा भुक्तानी दिन समर्पण भएको बजेट व्यवस्था गर्न सकेमा प्रगति हासिल गर्न सहयोग पुग्ने देखिन्छ ।

प्रदेश सरकारसँग भएको सीमित स्रोत, साधनबाट असीमित माग र खर्चको आवश्यकता परिपूर्ति गर्न स्रोत साधनको अधिकतम उपयोग हुने गरी कुशलतापूर्वक परिचालन गर्न आवश्यक रहेको छ । प्रदेश अन्तरगतका कार्यालयमा दक्ष जनशक्ति न्यून रहेको अवस्थामा स-साना देखि ठूलासम्मका आयोजना/कार्यक्रम कार्यान्वयन गर्न स्रोत, जनशक्ति र समय अभाव हुने, आयोजनामा दोहोरोपन हुने र एउटै कार्यको लागि धेरै पटक पक्रिया गर्नुपर्दा देखिने गरी उपलब्धि पनि हासिल नहुने हुँदा प्रदेशस्तरका मझौता प्रकृतिका आयोजना मात्र छनौट गरी प्रदेशका आयोजनामा ५० लाख भन्दा कम विनियोजन नगर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

आयोजना/कार्यक्रम सञ्चालनबाट हासिल हुने उपलब्धि, खर्चको आवश्यकता र औचित्य पुष्टयाई, लागत अनुमान तथा सञ्चालन विधि निश्चित नभई सीप विकास, तालिम, गोष्ठी जस्ता कार्यक्रम एवम् निजीक्षेत्र वा समुदायले आँफैं सञ्चालन गर्न सक्ने क्षेत्र, आवश्यकता नभएका, अनुत्पादक प्रकृतिका आयोजनामा बजेट विनियोजन गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ । प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० अनुसार आयोजना/कार्यक्रमको माग संकलन गरी, सहभागितामूलक रुपमा आयोजना तर्जुमा गोष्ठीबाट छनौट भएका आयोजना/कार्यक्रमको प्रस्ताव तथा अवधारणापत्र र लागत अनुमानका आधारमा प्राथमिकता निर्धारण गरी प्रदेश योजना आयोग मार्फत आयोजना बैंकमा प्रविष्ट गरेर मात्र मध्यमकालीन खर्च संरचना एवम् बजेटमा समावेश गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

यसै गरी, निर्माणाधीन बहुवर्षीय आयोजनालाई आवश्यक/पर्याप्त बजेट विनियोजन नगरी नयाँ आयोजनामा विनियोजन हुँदा आयोजना कार्यान्वयन, स्रोत व्यवस्थापन र आर्थिक अनुशासनमा समेत समस्या तथा चुनौती भईरहेको छ । स्रोत सहमति प्रदान गरिएका वा ठेक्का सम्झौता भईसकेका बहुवर्षीय आयोजनाहरुको र प्रस्तावित बहुवर्षीय आयोजनाहरुलाई पनि लागत अनुमान वा दायित्वको विश्लेषण गरेर आगामी आ.व.हरुको लागि आवश्यक बजेट अनुमान/प्रक्षेपण गरी मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने जरुरी रहेको छ । सो अनुसार आगामी आ.व.बजेटको सीमा (सिलिङ) दिँदा नै स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजनाहरुको लागि आवश्यक रकम सम्बन्धित आयोजनामा अनिवार्य विनियोजन गर्ने (Year Mark) गरी PLMBIS मा प्रविष्ट गर्ने र त्यसलाई घटाउन नमिल्ने गरी प्रणालीमा व्यवस्था गर्न आवश्यक रहेको छ ।

यस्तै, प्रदेशको आन्तरिक राजस्व अभिवृद्धि तर्फ जोड दिन आवश्यक रहेको छ । सवारी साधन कर तिर्न बक्यौता रहेका करदातालाई कर तिर्न प्रेरित गर्न सकेमा र प्रदेश आर्थिक ऐन, २०८० ले कर छुट दिएको प्रावधानलाई प्रभावकारी रुपमा प्रचारप्रसार गर्न सकेमा कर संकलनमा अभिवृद्धि हुने देखिन्छ । स्वीकृत कार्यक्रम कार्यान्वयनमा सक्रियता बढाउन र सोको आवधिक रुपमा समीक्षा गर्न उपयुक्त हुने देखिन्छ । अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० को कार्यान्वयन गर्दै प्रदेशस्तरीय एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको नियमित बैठक गरी आयोजना कार्यान्वयनलाई सहजीकरण गर्न जरुरी देखिएको छ । यसैगरी चालु तथा प्रशासनिक खर्चलाई न्यूनीकरण गर्न र मितव्ययी बनाउन सार्वजनिक खर्चको मापदण्ड परिपालनाको समिक्षा एवम् अनुगमनलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ । आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा चालु तथा प्रशासनिक खर्च प्रस्ताव/विनियोजन गर्ने आधार एवम् मापदण्ड निर्धारण गरी सबै निकायमा एकरुपता कायम गर्दै, आवश्यकता र औचित्य खुलाई यथार्थपरक र मितव्ययी रुपमा विनियोजन गर्न जरुरी रहेको छ ।

अन्त्यमा, बजेट तथा कार्यक्रमको लक्ष्य अनुसार प्रगति हासिल गर्न, बेरुजु नहुने गरी सरकारी आर्थिक कारोबार गर्न, वित्तीय उत्तरदायित्व, आर्थिक अनुशासन कायम गर्न गराउन एवम् प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ एवम् आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिइएको हुँदा आगामी दिनमा प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनमा उल्लेखनिय सुधार हुने अपेक्षा गरिएको छ ।

# अनुसूची -१
# २०८० पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण

आ.व.२०८०/८१ (रकम रु.हजारमा)

| मन्त्रालय/निकाय | बार्षिक बजेट | अर्धवार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| **२०२-प्रदेश व्यवस्थापिका** | **२५२४५०** | **९१८७६** | **३६.३९** |
| चालु | २४१६५० | ९०९९४ | ३७.६६ |
| पूँजीगत | १०८०० | ८८२ | ८.१७ |
| **२१०-प्रदेश लोकसेवा आयोग** | **८८०२०** | **३४२४५** | **३८.९१** |
| चालु | ८३९२० | ३२०२० | ३८.१६ |
| पूँजीगत | ४१०० | २२२५ | ५४.२७ |
| **२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय** | **२४०००** | **६५८०** | **२७.४२** |
| चालु | २३५०० | ६४३७ | २७.३९ |
| पूँजीगत | ५०० | १४३ | २८.६२ |
| **३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **५८४९३५** | **४६४२१** | **७.९४** |
| चालु | ५२६८९५ | ४२४०४ | ८.०५ |
| पूँजीगत | ५८०४० | ४०१८ | ६.९२ |
| **३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय** | **२१८७००६** | **१५६६७६३** | **७१.६४** |
| चालु | २१८०४५६ | १५६५३३० | ७१.७९ |
| पूँजीगत | ६५५० | १४३३ | २१.८७ |
| **३१२-उद्योग, कृषि तथा सहकारी मन्त्रालय** | **२२२५३१७** | **३४८३६१** | **१५.६५** |
| चालु | १९०७५१९ | २९३४८४ | १५.३९ |
| पूँजीगत | ३१७७९८ | ५४८७७ | १७.२७ |
| **३१३-खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय** | **५६२१६६६** | **१०३९१४१** | **१८.४८** |
| चालु | ४८२४३१ | १६९०९४ | ३५.०५ |
| पूँजीगत | ५१२९२३५ | ८७००४७ | १६.९६ |
| वित्तीय | १०० | ० | - |
| **३१४-आन्तरिक मामिला तथा कानून मन्त्रालय** | **८७५८१६** | **१२५७९९** | **१४.३६** |
| चालु | ७१४२७४ | १२२०१४ | १७.०८ |
| पूँजीगत | १६१५४२ | ३७८५ | २.३४ |
| **३२९-पर्यटन, वन तथा वातावरण मन्त्रालय** | **२६७९६०७** | **४५१९२६** | **१६.८७** |
| चालु | १२५३७२७ | ३७२३५८ | २९.७० |
| पूँजीगत | १४२५८८० | ७९५६८ | ५.५८ |
| **३३७-भौतिक पूर्वाधार विकास मन्त्रालय** | **१२६४९८४३** | **१७५०२२२** | **१३.८४** |
| चालु | ३९९३१३ | ११४८४९ | २८.७६ |
| पूँजीगत | १२२५०५३० | १६३५३७३ | १३.३५ |
| **३५०-सामाजिक विकास मन्त्रालय** | **१४१९३१५** | **३८७१२९** | **२७.२८** |
| चालु | ११४९६७५ | ३१६९४६ | २७.५७ |
| पूँजीगत | २६९६४० | ७०१८३ | २६.०३ |
| **३७०-स्वास्थ्य मन्त्रालय** | **३२५११७२** | **७५७६९६** | **२३.३१** |
| चालु | २९३७२०५ | ७४८१२० | २५.०८ |
| पूँजीगत | ३१३९६७ | ९५७६ | ३.७१ |

| मन्त्रालय/निकाय | बार्षिक बजेट | अर्धवार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| **३९१-प्रदेश योजना आयोग** | **४५१८०** | **७३३३** | **१६.२३** |
| चालु | ४३६८० | ७२५५ | १६.६१ |
| पूँजीगत | १५०० | ७८ | ५.४१ |
| **६०१ कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा** | ४००० | ० | - |
| **६०२ अर्थ – विविध** | **११३१८३८** | **०** | **-** |
| चालु | ६९६८३८ | ० | - |
| पूँजीगत | ४३५००० | ० | - |
| **८०१-स्थानीय तह अनुदान** | **३६६७३४५** | **१०५४४७०** | **२८.७५** |
| **जम्मा** | **३६७४३५१०** | **७६६७९६६** | **२०.८७** |

## अनुसूची -२
## सात प्रदेशको अर्धवार्षिक अवधिको खर्चको अवस्था

रकम रु.लाखमा

| प्रदेश | प्रदेशको जम्मा | | | चालु | | | पुंजीगत | | | वित्तीय व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेशको कुल बजेट अनुमान | जम्मा खर्च | जम्मा खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| कोशी प्रदेश | ३६७४३५ | ७६६७९ | २०.८७ | १६३४८४ | ४९३५७ | ३०.१९ | २०३८५० | २७३२१ | १३.४० | १०० | ० | ० |
| मधेश प्रदेश | ४४११४६ | २९४५१ | ६.६८ | १८५४३७ | १८६९५ | १०.०८ | २५५७०८ | १०७५६ | ४.२१ | ० | ० | ० |
| बागमती प्रदेश | ६२७०९० | १०६४५७ | १६.९८ | २६४५०७ | ५९९६९ | २२.६७ | ३५७५८३ | ४६४८८ | १३.०० | ५००० | ० | ० |
| गण्डकी प्रदेश | ३३४२७२ | ५५२६८ | १६.५३ | १२७३६७ | २७२४३ | २१.३९ | २०१९०४ | २८०२४ | १३.८८ | ५००० | ० | ० |
| लुम्बिनी प्रदेश | ४०४७९७ | ७४८७५ | १८.५० | १७२०९२९ | ३८०२१ | २.२१ | २३२७०४ | ३६८५३ | १५.८४ | ० | ० | ० |
| कर्णाली प्रदेश | ३३३७९७ | ४३८३३ | १३.१३ | १३८००८ | २९०२२ | २१.०३ | १९५७८८ | १४८१० | ७.५६ | ० | ० | ० |
| सुदूरपश्चिम प्रदेश | २९२६५९ | ४५९६५ | १५.७१ | ११९४३५ | २५५७४६ | २१४.१३ | १७०२२३ | २०३९० | ११.९८ | ३००० | ० | ० |
| जम्मा | २८०११९६ | ४३२५२८ | १५.४४ | २७११९६७ | ४७८०५३ | १७.५८ | १६१७७६० | १८४६४२ | ११.४१ | १३१०० | ० | ० |